# 移住労働者に関する公正で倫理的なリクルートガイドライン
## 第1章　　総則
# आप्रवासी श्रमिकका लागि निष्पक्ष र पारदर्शी नियुक्तिको निर्देशिका
## पहिलो अध्याय: सामान्य प्रावधान

1.1 （ガイドラインの理念）
(निर्देशिकाको अवधारणा)

移住労働者に関する公正で倫理的なリクルートガイドライン（以下「本ガイドライン」という。）は、広がりを見せる国際労働移動において、移住労働者の権利を尊重し、移住労働者が持つ能力と機会の最大化を図ることの重要性を共通の認識のもと、送出国・受入国の双方の国の経済発展に資する、公正かつ公平な国際労働移動が促進されるよう、国際労働移動のステークホルダーである移住労働者、送出機関、斡旋機関、使用者のガイドライン及び求人のガイドラインを定め、もって移住労働者に関する公正で倫理的なリクルートメントの促進を図ることを共通の理念とします。

आप्रवासी श्रमिकसँग सम्बन्धित निष्पक्ष र पारदर्शी नियुक्तिको निर्देशिका (यसपछि “यस निर्देशिका” भनिनेछ) ले व्यापक बन्दै गएको अन्तर्राष्ट्रिय श्रम आप्रवासनको सन्दर्भमा आप्रवासी श्रमिकहरूको अधिकारको सम्मान गर्दै, उनीहरूका सीप र अवसरहरूको अधिकतम उपयोग गर्ने आवश्यकताको साझा बुझाइका आधारमा श्रमिक पठाउने र श्रमिक स्वीकार गर्ने दुवै देशको आर्थिक विकासमा योगदान पुऱ्याउने न्यायसंगत र समान अन्तर्राष्ट्रिय श्रम आप्रवासनलाई प्रवर्द्धन गर्ने उद्देश्य र यसका लागि, अन्तर्राष्ट्रिय श्रम आप्रवासनका सरोकारवालाहरू, आप्रवासी श्रमिक, श्रमिक पठाउने संस्था, मध्यस्थकर्ता संस्था, र रोजगारदाताका लागि रोजगारीसम्बन्धी निर्देशिकाको निर्धारण गरिएको छ। यसलाई आप्रवासी श्रमिकसँग सम्बन्धित न्यायसंगत र पारदर्शी नियुक्तिको प्रक्रियाको प्रवर्द्धनलाई साझा निर्देशिकाको रूपमा लिइएको छ।

1.2 （ガイドラインの目的）
(निर्देशिकाको उद्देश्य)

本ガイドラインは、国際労働移動における公正で倫理的なリクルートメントを達成するのに必要な送出機関、斡旋機関、使用者、移住労働者及び求人について、それぞれ満たすべき基準を定めることを目的とします。

यस निर्देशिकाको उद्देश्य भनेको अन्तर्राष्ट्रिय श्रम स्थानान्तरणमा न्यायसंगत र पारदर्शी नियुक्ति सुनिश्चित गर्न आवश्यक पर्ने श्रमिक पठाउने संस्था, मध्यस्थकर्ता संस्था, रोजगारदाता, आप्रवासी श्रमिकको बारेमा तथा रोजगारीका लागि पालना गर्नुपर्ने मापदण्डहरूको निर्धारण गर्नु हो।

1.3 （ガイドラインの構成）
(निर्देशिकाको संरचना)

本ガイドラインは、「第１章　総則」、「第２章　送出機関のガイドライン」、「第３章　斡旋機関のガイドライン」、「第４章　使用者のガイドライン」、」「第５章　移住労働者のガイドライン」、「第６章　求人のガイドライン」からなり、第１章から第５章がステークホルダーの基準を定め、基準を満たすステークホルダーにより行われる求人について「第 6 章　求人のガイドライン」により定めという構成をとります。

यस निर्देशिकामा निम्न अध्यायहरू समावेश छन्: जसको पहिलो अध्याय: सामान्य प्रावधानहरू, दोस्रो अध्याय: पठाउने संस्थाको निर्देशिका, तेस्रो अध्याय: मध्यस्थकर्ता संस्थाको लागि निर्देशिका, चौथो अध्याय: रोजगारदाताको निर्देशिका, पाँचौं अध्याय: आप्रवासी श्रमिकहरूको निर्देशिका, छैटौं अध्याय: रोजगारी विज्ञापनको निर्देशिका रहेको छ। पहिलो अध्यायदेखि पाँचौं अध्यायसम्म विभिन्न सरोकारवालाहरूले पालना गर्नुपर्ने मापदण्डहरू निर्धारण गरिएका छन्। यी मापदण्डहरू पूरा गर्ने सरोकारवालाहरूद्वारा सञ्चालन गरिने रोजगारी संबन्धि विज्ञापनहरूलाई छैटौं अध्याय "रोजगारी विज्ञापनको निर्देशिका " मा परिभाषित गरिएको छ।

1.4 （他の規範との関係）

1.5
(अन्य मापदण्डहरुसँगको सम्बन्ध)

a. 本ガイドラインは、普遍的な価値である人権を規定した「国際人権章典」、労働における基本的原則及び権利に関する国際労働機関(ILO)宣言に規定されている基本的権利に関する原則等に表明されている人権を尊重します。

अ- यो निर्देशिकाले सर्वमान्य मानवीय मूल्यका रुपमा परिभाषित गरिएको 'अन्तर्राष्ट्रिय मानव अधिकार घोषणापत्र', श्रमसँग सम्बन्धित आधारभूत सिद्धान्त र अधिकारहरूको बारेमा अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) घोषणामा परिभाषित आधारभूत अधिकारहरूको सिद्धान्त  इत्यादिमा व्यक्त मानव अधिकारहरूको सम्मान गर्दछ।

b. 本ガイドラインと普遍的な価値である人権に対立が生じた場合には、人権を優先して解決に当たるものとします。

आ- यदि यो निर्देशिका र सर्वमान्य मानवीय मूल्यका रूपमा रहेको मानव अधिकारबीच कुनै द्वन्द्व उत्पन्न भएमा मानव अधिकारलाई प्राथमिकता दिई समाधान गरिनेछ।

c. 本ガイドラインは ILO で採択された条約及び国際労働基準を尊重し、条約及び国際労働基準で示された価値を推進するものとします。

इ- यो निर्देशिका ILO द्वारा स्वीकृत श्रम सन्धिहरू र अन्तर्राष्ट्रिय श्रम मापदण्डहरू को सम्मान गर्छ र तिनमा उल्लिखित मूल्यहरूलाई प्रवर्द्धन गर्ने उद्देश्य राख्दछ।

d. 本ガイドラインの定めが法令の定める基準を下回る場合は、本ガイドラインへの適合に加えて法令を遵守するものとします。

ई- यदि यो निर्देशिका ले तोकेको मापदण्ड कुनै कानुनी प्रावधानले तोकेको न्यूनतम मापदण्डभन्दा कम भएमा, यस निर्देशिका को पालना गर्नुका साथै सम्बन्धित कानुनी प्रावधानहरूको पनि पूर्ण रूपमा पालना गरिनु पर्दछ।

e. 本ガイドラインの定めが法令の定める基準を上回る場合は、法令が最低限の基準を定めた趣旨である場合は、法令に加えて本ガイドラインの基準に適合するものとします。

उ- यदि यो निर्देशिका ले तोकेको मापदण्ड कुनै कानुनी प्रावधानले तोकेको न्यूनतम मापदण्डभन्दा उच्च भएमा, र कानुनी प्रावधानले न्यूनतम आधारभूत मापदण्ड मात्र तोकेको भएमा, कानुनी प्रावधानको पालना गर्नुका साथै यस निर्देशिका मा उल्लेखित मापदण्डहरू पनि लागू गरिनु पर्दछ।

1.6 （国際労働移動の全体像と適用）
(अन्तर्राष्ट्रिय श्रम आप्रवासनको समग्र परिदृश्य र लागूहुने क्षेत्र)

a. 本ガイドラインは、送出国におけるリクルートの起点から、送出国における Recruitment、Upskilling、Placement、Processing、Monitoring、Protection、Re-integration、受入国における Recruitment、Placement、Processing、Work、Upskilling、Monitoring、Protection、Integration の全ての過程において公正さ・公平さが確保され、法の支配が促進されるよう、全ての過程で参照されるものとします。

अ- यो निर्देशिका प्रेषण देशमा हुने  नियुक्ति प्रक्रियाको सुरुवातबाटनै, प्रेषण देशमा हुने  नियुक्ति प्रक्रिया, सीप विकास, प्लेसमेन्ट, प्रक्रिया, अनुगमन, संरक्षण, पुनःएकीकरण, र प्राप्तकर्ता देशमा नियुक्ति, प्लेसमेन्ट, प्रक्रिया, काम, सीप विकास, अनुगमन, संरक्षण, एकीकरणका सबै प्रक्रियाहरूमा निष्पक्षता र न्यायसंगतता सुनिश्चित गर्न, र कानूनी शासनलाई प्रवर्द्धन गर्न सबै प्रक्रियाहरूमा सन्दर्भको रूपमा प्रयोग गरिनेछ।

b. 本ガイドラインのステークホルダーは、本ガイドラインが国際労働移動のプロセス全体に提供されるよう協力するものとします。

आ- यस निर्देशिका का सरोकारवालाहरूले अन्तर्राष्ट्रिय श्रम आप्रवास प्रक्रियाको सम्पूर्ण चरणमा निर्देशिका लागू हुने सुनिश्चित गर्न सहयोग गर्नेछ।

1.7 （国家による主権と自主的な行動との関係）
(राष्ट्रद्वारा सार्वभौमिकता र स्वायत्त कार्यवाहिको सम्बन्ध)

अन्य मापदण्डहरूसँगको सम्बन्ध

a. 本ガイドラインは、国際労働移動における国家の主権を尊重します。

अ- यस निर्देशिकाले अन्तर्राष्ट्रिय श्रम आप्रवासनमा राष्ट्रको सार्वभौमिकताप्रति सम्मान प्रकट गर्दछ।

b. 本ガイドラインは、国家の主権と対立する内容を定めるものではなく、国家の主権が一定の基準を示す中で、自主的な取り組みとしての基準を示すものです。

आ- यस निर्देशिकाले राष्ट्रको सार्वभौमिकतासँग विरोधाभास गर्ने कुनै प्रावधान निर्धारण गर्दैन। बरु राष्ट्रको सार्वभौमिकताले निर्दिष्ट गरेका निश्चित मापदण्डहरूको सीमाभित्र रहेर स्वेच्छिक पहलको रूपमा पालना गर्नुपर्ने मापदण्डहरू प्रस्तुत गर्दछ।

1.8 （関係者の相互協力）

(सम्बन्धित पक्षहरू बिचको आपसी सहयोग)

a. 本ガイドラインのステークホルダーは、共通の目的を持ち、相互に協力関係にあることを確認します。

अ- यस निर्देशिकाका सरोकारवालाहरूले समान उद्देश्य राखेर आपसी सहकार्यको सम्बन्धमा रहेका छन् भन्ने कुरा सुनिश्चित गर्दछ।

b. ステークホルダーは、協力関係を構築する仕組みへ、積極的に参加するものとします。

आ- सरोकारवालाहरूले सहकार्यको सम्बन्ध निर्माण गर्ने प्रणालीमा सक्रिय रूपमा सहभागिता जनाउनेछन्।

1.9 （関係者の対話の重要性）

(सरोकारवालाहरूसँगको संवादको महत्त्व)

a. 本ガイドラインのステークホルダーは、ステークホルダー間の対話が重要であることを理解します。

अ- यस निर्देशिकाका सरोकारवालाले सरोकारवालाबीचको संवाद महत्वपूर्ण छ भन्ने कुरा बुझ्दछन्।

b. 本ガイドラインに関し、協議・紛争の解決・不測の事態が発生した場合にも、対話を諦めることなく、対話による解決を指向します。

आ- यस निर्देशिकासँग सम्बन्धित कुनै पनि छलफल विवाद समाधान वा अनपेक्षित घटनाहरूको स्थिति उत्पन्न भएमा, संवाद त्याग्ने होइन, बरु संवादमार्फत समाधान खोज्नुपर्ने लक्ष्य राखिन्छ।

1.10（国家への働きかけ）

(राष्ट्प्रतिको प्रभाव)

本ガイドラインのステークホルダーは、より良い国際労働移動の促進するために、送出国及び受入国の双方に必要な働きかけを行うよう努めるものとします。

यस निर्देशिकाका सरोकारवालाहरूले राम्रो अन्तर्राष्ट्रिय श्रम आप्रवासनलाई प्रवर्द्धन गर्नका लागि श्रमिक पठाउने देश र प्राप्त गर्ने देश दुवैतर्फ आवश्यक पहलहरू गर्ने प्रयास गर्नेछ।

1.11（定義）

(परिभाषा)

a. 国際労働移動

人が国境を越えて職を得る営みの総体をいいます。

अ- अन्तर्राष्ट्रिय श्रम आप्रवासन

यो भन्नाले व्यक्तिले रोजगारी प्राप्त गर्नका लागि सिमाना पार गर्ने सम्पूर्ण प्रक्रिया वा गतिविधिलाई जनाउँछ।

b. 移住労働者
仕事を得ることを目的に、自発的に出身国から移動する者をいいます。
आ- आप्रवासी श्रमिक
रोजगारी प्राप्त गर्ने उद्देश्यले स्वेच्छिक रूपमा आफ्नो मातृभुमिबाट बसाइँ सर्ने व्यक्तिलाई जनाउँछ।

c. 送出国
移住労働者の出身国であり、出身国と同義です。
ई- पठाउने देश
आप्रवासी श्रमिक जन्मेको देश हो र यसलाई मातृ भूमिसँग समान अर्थमा प्रयोग गरिन्छ।

d. 受入国
移住労働者が職を得ることを目的に移動した先の国であり、目的地国と同義です。
उ- (आयोजक देश) रोजगार दिने देश
आप्रवासी श्रमिकले काम प्राप्त गर्ने उद्देश्यले स्थानान्तरण गरेको देश हो र यसलाई गन्तव्य देशसँग समान अर्थमा प्रयोग गरिन्छ।

e. 送出国の送出機関
移住労働者に対し Recruitment、Upskilling、Placement、Processing、Monitoring、Protection、Re-integration の全部または一部の機能を提供する機関であり、送出国の法令に基づき許可を有する事業者をいいます。
ऊ- पठाउने देशको पठाउने संस्था
आप्रवासी श्रमिकलाई नियुक्ति प्रक्रिया, सीप विकास, प्लेसमेन्ट, प्रक्रिया, अनुगमन, संरक्षण, पुनःएकीकरण, र प्राप्तकर्ता देशमा नियुक्ति, प्लेसमेन्ट, प्रक्रिया, काम, सीप विकास, अनुगमन, संरक्षण, पुनएकीकरणको सबै वा केही कार्यहरू प्रदान गर्ने संस्था हो र पठाउने देशको कानूनी प्रावधान अनुसार अनुमति प्राप्त व्यवसायीलाई भनिन्छ।

f. 受入国の斡旋機関
移住労働者に対し Recruitment、Placement、Processing、Upskilling、Monitoring、Protection、Integration の全部または一部の機能を提供する機関であり、受入国の法令に基づき許可を有する事業者をいいます。
ए- रोजगार दिने देशको मध्यस्थकर्ता संस्था
आप्रवासी श्रमिकलाई नियुक्ति प्रक्रिया, सीप विकास, प्लेसमेन्ट, प्रक्रिया, अनुगमन, संरक्षण, पुनःएकीकरण, र प्राप्तकर्ता देशमा नियुक्ति, प्लेसमेन्ट, प्रक्रिया, काम, सीप विकास, अनुगमन, संरक्षण, एकीकरणकको सबै वा केही कार्यहरू प्रदान गर्ने संस्था हो र रोजगार दिने देशको कानूनी प्रावधान अनुसार अनुमति प्राप्त व्यवसायीलाई भनिन्छ।

g. 使用者
受入国において移住労働者を雇用する者をいいます。
ऐ- रोजगारीदाता
रोजगार दिने देशमा अप्रवासी श्रमिकलाई रोजगार दिने व्यक्ति वा संस्था।

h. 求人票
使用者が移住労働者を採用するにあたり、採用における条件を記載した書面または電磁的記録をいいます。
ओ-रोजगारी विज्ञापन
रोजगार दिने संस्थाद्वारा अप्रवासी श्रमिकलाई नियुक्ति गर्नका लागि रोजगारका शर्तहरूलाई लेखी वा इलेक्ट्रोनिक रेकर्डमा प्रस्तुत गरिएको कागजात हो।

i. FERI 認定求人票
第 6 章の基準に適合し、本ガイドライン 6.13 a に基づき第三者の認定を受けた求人票をいいます。
औ-FERI प्रमाणित रोजगारी विज्ञापन
छैटौं अध्यायका मापदण्डहरूमा अनुपालना गर्ने र यस निर्देशिका को ६.१३ (a) को आधारमा तेस्रो पक्षबाट प्रमाणित गरिएको रोजगारी विज्ञापन हो।

j. 準 FERI 確認求人票
प्रारम्भिक FERI प्रमाणित रोजगारीको विज्ञापन

本ガイドライン 6.13 b に基づき確認を受けた求人票をいいます。
यस निर्देशिकाको ६.१३ (b) को आधारमा प्रमाणित गरिएको रोजगारी विज्ञापन हो।

## 第 2 章 送出機関のガイドライン
## दोस्रो अध्याय: कामदार पठाउने संस्थाहरूका लागि निर्देशिका

2.1 （送出機関の責任）
(कामदार पठाउने संस्थाको जिम्मेवारी)

送出機関は、送出国の労働市場と国際労働市場の接点となり、移住労働者が国際労働市場へ接続する際に不可欠な存在であり、また、移住労働者が国際労働市場へ接続する最初の接点を提供する重要な存在であることに鑑み、公正で公平な業務を遂行する責任があることを確認します。
कामदार पठाउने संस्थाले श्रम बजारको अन्तर्राष्ट्रिय सम्पर्क केन्द्रको रूपमा कार्य गर्दछ, जसले आप्रवासी श्रमिकहरूलाई अन्तर्राष्ट्रिय श्रम बजारसँग जोड्ने महत्वपूर्ण भूमिका खेल्छ। यस परिप्रेक्ष्यमा, कामदार पठाउने संस्थाले आप्रवासी श्रमिकहरूको लागि अन्तर्राष्ट्रिय श्रम बजारमा पहुँचको पहिलो प्रवेशद्वार प्रदान गर्ने महत्वपूर्ण दायित्व बहन गर्नुपर्छ। तसर्थ, यस संस्थाले निष्पक्ष, पारदर्शी, र न्यायोचित रूपमा आफ्नो कार्य सञ्चालन गर्ने जिम्मेवारी वहन गर्न आवश्यक हुन्छ।

2.2 （送出機関が担う機能）
(कामदार पठाउने संस्थाले निर्वाह गर्ने कार्यहरू)

送出機関は、次の機能を担うものとします。
कामदार पठाउने संस्थाले निम्न कार्यहरू निर्वाह गर्नुपर्दछ।

- 移住労働者への情報提供
  आप्रवासी श्रमिकहरूलाई आवश्यक जानकारी प्रदान गर्ने।
- 移住労働者の募集
  आप्रवासी श्रमिकहरूको नियुक्ति गर्ने।
- 移住労働者の職業能力の向上
  आप्रवासी श्रमिकहरूको व्यवसायिक क्षमता अभिवृद्धि गर्ने।
- 移住労働者の語学能力の向上
  आप्रवासी श्रमिकहरूको भाषा र सीपको सुधार गर्ने।
- 移住労働者への住環境の提供
  आप्रवासी श्रमिकहरूको लागि उचित बसोबासको व्यवस्था गर्ने।
- 受入国の斡旋機関の選択
  रोजगार दिने देशका मध्यस्थकर्ता संस्थाहरूको छनोट गर्ने।
- 受入国の就業機会の確保
  रोजगार दिने देशमा रोजगारी अवसर सुनिश्चित गर्ने।
- 受入国への国際移動の支援
  रोजगार दिने देशमा अन्तर्राष्ट्रिय यात्रा व्यवस्थापनको सहायता गर्ने।
- 受入国への移動後のモニタリング
  रोजगार दिने देशमा पुगेपछि अनुगमन गर्ने।
- 受入国での有事の際の保護
  रोजगार दिने देशमा आकस्मिक परिस्थितिमा आप्रवासी श्रमिकहरूको संरक्षण गर्ने।
- 送出国への帰国の支援
  श्रम पठाउने देशमा पुनः फर्कन सहयोग गर्ने।

・ 送出国へ帰国した際の再統合の支援
  पठाउने देशमा फर्किएपछि पुनः समाजमा पुनर्स्थापना (पुनः एकीकरण) मा सहयोग गर्ने।
・ その他法令に定められた機能
  अन्य लागू कानुनी व्यवस्थाहरू अनुरूप कार्यहरू सञ्चालन गर्ने।

2.3 （募集の手段）
(नियुक्ति गर्नेका उपायहरू)

a. 送出機関は、送出国の法令により許されている手段(広告、セミナー等)により募集活動を行います。
अ- कामदार पठाउने संस्थालेपठाउने देशको लागू कानुनी व्यवस्थाअनुसार अनुमति प्राप्त माध्यमहरू (जस्तै, विज्ञापन, सेमिनार इत्यादि) को प्रयोग गरी  नियुक्ति प्रक्रिया सञ्चालन गर्दछ।

b. 送出機関は、使用者が作成した FERI 認定求人票に募集手段の限定がある場合は、それを遵守するものとします。
आ- कामदार पठाउने संस्थालेरोजगारदाताद्वारा तयार पारिएको FERI प्रमाणित रोजगारी विज्ञापन मा यदि नियुक्ति प्रक्रियाका लागि विशेष सीमाहरू तोकिएका छन् भने, तिनीहरूको पूर्ण रूपमा पालना गर्नुपर्छ।

2.4 （募集時の情報提供）
(नियुक्ति प्रक्रियाको समयमा प्रदान गर्ने जानकारी)

a. 送出機関は、募集時に正確な情報提供に努めるものとします。
अ- पठाउने संस्थाहरूले नियुक्ति समयमा सही जानकारी प्रदान गर्न प्रयास गर्नेछ।

b. 送出機関は、FERI 認定求人票に基づく募集を行う際には、正確な情報提供を行うものとします。
आ- कामदार पठाउने संस्थालेFERI मार्फत प्रमाणित रोजगारी विज्ञापन को आधारमा नियुक्ति गर्दा, सही र यथार्थपरक जानकारी प्रदान गर्नुपर्छ।

c. 情報提供には、求人票に記載された情報、職業訓練期間、面接のタイミング、送出機関への費用の支払い時期と内容の内訳を含むものとします。
इ- जानकारी प्रदान गर्दा, विज्ञापनमा उल्लेख गरिएको जानकारी, पेशागत तालिमको अवधि, अन्तर्वार्ताको समय, पठाउने संस्थामा खर्चको भुक्तानीको समय र विवरण सहितका सबै पक्षहरू समावेश गर्नुपर्छ।

2.5 （募集経路）
(नियुक्तिका मार्गहरू)

a. 送出機関は、募集の際に送出国の法律を遵守して行うものとします。
अ- कामदार पठाउने संस्थाले  नियुक्तिको समयमा पठाउने देशको कानूनी व्यवस्था पूरा गर्दै प्रक्रिया सञ्चालन गर्नुपर्छ।

b. 送出機関は、FERI 認定求人票による募集を行う場合には、送出機関自らが募集を行うこととし、送出機関以外の第三者(ブローカーを含むがこれに限られない。)を介して募集を行うことはできないものとします。
आ- कामदार पठाउने संस्थालेFERI प्रमाणित रोजगारी विज्ञापन मार्फत नियुक्ति गर्ने अवस्थामा, स्वयं पठाउने संस्था द्वारा मात्र नियुक्ति प्रक्रिया सञ्चालन गर्नुपर्छ र पठाउने संस्थाबाहेकको तेस्रो पक्ष (ब्रोकर्ससमेत, तर यसमा मात्र सीमित नभई) को माध्यमबाट नियुक्ति गर्न अनुमति हुने छैन।

c. 送出機関は、FERI 認定求人票による募集を行う場合には、斡旋機関と使用者に対し、募集経路に関する情報を提供するものとします。
इ- कामदार पठाउने संस्थालेFERI प्रमाणित रोजगारीको विज्ञापन मार्फत नियुक्तिगर्ने अवस्थामा, मध्यस्थकर्ता संस्था र

2.6 （募集時の禁止事項）
(नियुक्तिको समयमा निषेध गरिएको कार्यहरू)

a. 送出機関は、不当な利益による誘引、強制、暴力、脅迫、錯誤の利用を用いて募集を行わないものとします。
अ- कामदार पठाउने संस्थाले अनैतिक लाभ, दबाब, हिंसा, धम्की, वा त्रुटिको प्रयोग गरी नियुक्ति प्रक्रिया सञ्चालन गर्नेछैन।

b. 送出機関は、募集時に年齢、性別、出身地域、人種、宗教に基づく差別を行わないものとします。
आ- कामदार पठाउने संस्थाले नियुक्ति प्रक्रियामा उमेर, लिङ्ग, जन्मको क्षेत्र, जाति, धर्मका आधारमा कुनै पनि भेदभाव गर्ने छैन्।

2.7 （契約の締結）
(सम्झौताको निष्कर्ष)

a. 送出機関は、法令に基づき移住労働者との間で契約を締結するものとし、法令による定めがない場合には契約を締結するよう努めるものとします。
अ- पठाउने संस्थाहरूले कानुन अनुसार आप्रवासी श्रमिकहरूसँग सम्झौता गर्नेछ, र कानुनमा व्यवस्था नभएको अवस्थामा सम्झौताको माध्यमबाट समाधान गर्ने प्रयास गर्नेछ।

b. 送出機関は、FERI 認定求人票に基づく募集を行った移住労働者と送出機関とが契約を締結する場合、契約書を移住労働者が理解できる言語で作成し、契約内容について正確に説明し、移住労働者の理解に基づき契約を締結するものとします。
आ- कामदार पठाउने संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापन को आधारमा नियुक्ति भएका आप्रवासी श्रमिकसँग सम्झौता गर्ने बेला, सम्झौता पत्रलाई आप्रवासी श्रमिकले बुझ्न सक्ने भाषामा तयार गर्नु पर्छ। साथै, सम्झौताका शर्तहरूलाई सही तरिकाले व्याख्या गरेर, आप्रवासी श्रमिकको बुझाइको आधारमा (बुझ्ने गरी) सम्झौता गर्नु पर्नेछ।

c. 送出機関は、FERI 認定求人票に基づき募集を行った移住労働者との間で契約を締結した場合、当該契約の写しを斡旋機関へ交付するものとします。
इ- कामदार पठाउने संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकसँग सम्झौता गरेको अवस्थामा, सो सम्झौता पत्रको प्रतिलिपि मध्यस्थकर्ता संस्थालाई प्रदान गर्नु पर्नेछ।

2.8 （職業訓練）
(पेशागत तालिम)

a. 送出機関は、移住労働者に対し、移住労働者との間の契約に基づき職業訓練を行うものとします。
अ- कामदार पठाउने संस्थाले आप्रवासी श्रमिकलाई, आप्रवासी श्रमिकसँग भएको सम्झौतामा आधारित पेशागत तालिम प्रदान गर्नु पर्नेछ।

b. 送出機関は、FERI 認定求人票に基づき募集を行った移住労働者に対しては、移住労働者から費用（教材費用を含むものとします。）を徴収せずに職業訓練を提供するものとします。
आ- कामदार पठाउने संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई, श्रमिकबाट कुनै पनि शुल्क (पाठ्य सामग्रीको खर्चसमेत) नलिने गरी पेशागत तालिम प्रदान गर्नु पर्नेछ।

2.9 （語学訓練）
(भाषा तालिम)

a. 送出機関は、移住労働者に対し、移住労働者との間の契約に基づき語学訓練を行うものとします。
अ- कामदार पठाउने संस्थालेआप्रवासी श्रमिकलाई, आप्रवासी श्रमिकसँग भएको सम्झौतामा आधारित भाषा तालिम प्रदान गर्नु पर्छ।

b. 送出機関は、FERI 認定求人票に基づき募集を行った移住労働者に対しては、移住労働者から費用(教材費用を含むものとします。)を徴収せずに語学訓練を提供するものとします。
आ- कामदार पठाउने संस्थालेFERI प्रमाणित रोजगारी विज्ञापन को आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई, श्रमिकबाट कुनै पनि शुल्क (पाठ्य सामग्रीको खर्चसमेत) नलिने गरी भाषा तालिम प्रदान गर्नु पर्छ।

2.10 (住居環境)
(वासस्थानको व्यवस्था)

a. 送出機関は、移住労働者に対し、移住労働者が受入国への移動を準備する間、移住労働者との間の契約に基づき住居を提供することができるものとします。
अ- कामदार पठाउने संस्थालेआप्रवासी श्रमिकलाई, आप्रवासी श्रमिकको जाने देशमा यात्रा तयारी गर्ने क्रममा, आप्रवासी श्रमिकसँग भएको सम्झौतामा आधारित बसोबासको व्यवस्था प्रदान गर्न सक्छ।

b. 送出機関は、FERI 認定求人票に基づき募集を行った移住労働者に対しては、移住労働者から費用を徴収せずに住宅を提供するものとします。
आ- कामदार पठाउने संस्थालेFERI प्रमाणित रोजगारी विज्ञापन को आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई, श्रमिकबाट कुनै शुल्क नलिने गरी आवास सुविधा प्रदान गर्नु पर्छ।

c. 前項に基づき、送出機関が移住労働者に提供する住居は、衛生かつ安全であり、緊急時の避難経路の確保、シャワーのための温水、適当な照明、適当な空調、個人が管理することができるセキュリティボックス、個人の居住空間が確保されるものとします。
इ- कामदार पठाउने संस्थालेआप्रवासी श्रमिकलाई प्रदान गर्ने आवास सुविधामा स्वच्छता (सरसफाइ) र सुरक्षा सुनिश्चित गर्नुपर्छ। यस आवासमा आपतकालीन अवस्था भएमा निकासी मार्गको सुनिश्चितता, न्यानो पानीको व्यवस्था भएको शावर, उचित प्रकाश व्यवस्था, उपयुक्त वातानुकूलन, व्यक्तिगत रूपमा व्यवस्थापन गर्न सकिने सुरक्षा बक्स, र व्यक्तिगत आवास क्षेत्रको सुनिश्चितता समावेश हुनु पर्छ।

2.11 (食事の提供)
(खाना उपलब्ध गराउने व्यवस्था)

a. 送出機関は、移住労働者に対し、移住労働者との間の契約に基づき食事を提供することができるものとします。
अ- कामदार पठाउने संस्थालेआप्रवासी श्रमिकलाई, आप्रवासी श्रमिकसँग भएको सम्झौतामा आधारित रुपमा खाना प्रदान गर्न सक्छ।

b. 送出機関は、FERI 認定求人票に基づき募集を行った移住労働者に対しては、移住労働者から費用を徴収せずに食事を提供するものとします。
आ- कामदार पठाउने संस्थालेFERI प्रमाणित रोजगारी विज्ञापन को आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई, श्रमिकबाट कुनै शुल्क नलिने गरी खाना प्रदान गर्नु पर्छ।

c. 前項に基づき、送出機関が移住労働者に提供する食事は、CODEX の基準を満たすものとします。
इ- कामदार पठाउने संस्थालेआप्रवासी श्रमिकलाई प्रदान गर्ने खाना CODEX मापदण्डहरू अनुरूप हुनु पर्छ।

2.12 (借入れの斡旋)

(ऋणको व्यवस्था)

a. 送出機関は、法律で認められている場合には、移住労働者が受入国へ渡航するために必要な資金を貸し付け、保証等してくれる機関であって当該行為を行うことについて法律上許可を有する機関を斡旋することができるものとします。
अ- कामदार पठाउने संस्थाले, यदि कानूनी रूपमा अनुमति पाएको छ भने, आप्रवासी श्रमिकलाई रोजगार दिने देशमा जानको लागि आवश्यक पूंजी जस्तै ऋण दिने, वा ग्यारेन्टी प्रदान गर्ने, र उक्त क्रियाकलाप गर्न कानूनी अनुमतिप्राप्त संस्थाहरूसैग मध्यस्थकर्ता गर्न सक्छ।

b. 送出機関は、斡旋する機関について、移住労働者及びその親族からの違約金の徴収、違法な取り立て、著しく不当な取り立て、法令違反が行われていないようモニタリングするよう努めるものとします。
आ- कामदार पठाउने संस्थाले मध्यस्थकर्ता गर्ने संस्थाहरूमा, आप्रवासी श्रमिक र उनका परिवारबाट कुनै प्रकारको अतिरिक्त शुल्कको वसूली, अवैध वसुली, अत्यधिक वा अन्यायपूर्ण वसुली, वा कानून उल्लङ्घन नगर्न सुनिश्चित गर्नका लागि निगरानी गर्ने प्रयास गर्नु पर्छ।

c. 送出機関は、FERI 認定求人票に基づき募集を行った移住労働者に対しては、斡旋を行わないものとします。
इ- कामदार पठाउने संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई कुनै प्रकारको मध्यस्थकर्ता प्रदान गर्ने छैन।

2.13（サービス対価の設定）
(सेवा शुल्कको निर्धारण)

a. 送出機関は、送出行為の役務の対価として法律で定められた上限金額を遵守して、移住労働者、斡旋機関若しくは使用者に対してサービス対価を請求することができるものとします。
अ- कामदार पठाउने संस्थाले, पठाउने कार्यको लागि निर्धारित सेवा शुल्कको कानूनी अधिकतम सीमा पालना गर्दै, आप्रवासी श्रमिक, मध्यस्थकर्ता संस्था, वा रोजगारदाताबाट सेवा शुल्कको माग गर्न सक्नेछ।

b. 送出機関は、サービス対価の金額と内訳を自社のウェブサイト等で情報公開するものとします。
आ- कामदार पठाउने संस्थाले, सेवा शुल्कको रकम र विवरणलाई आफ्नो कम्पनीको वेबसाइट वा अन्य प्लेटफर्ममा सार्वजनिक रूपमा जानकारी दिनु पर्नेछ।

c. 送出機関は、FERI 認定求人票に基づき募集を行った移住労働者に対しては、サービス対価を請求することができないものとします。
इ- कामदार पठाउने संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकसँग सेवा शुल्क माग गर्न पाउने छैन।

2.14（斡旋機関の選択）
(मध्यस्थकर्ता संस्थाको छनोट)

送出機関は、FERI 認定求人票を取り次ぐ斡旋機関と取引を開始する際、法令を遵守し、移住労働者の権利を擁護し、活躍の機会を最大化するという観点から斡旋機関を選択するものとします。
कामदार पठाउने संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनको माध्यमबाट मध्यस्थकर्ता संस्थासंग सम्झौता सुरु गर्दा, कानूनी व्यवस्थाको पालना गर्दै, आप्रवासी श्रमिकका अधिकारको रक्षा गर्ने र अवसरको अधिकतम उपयोग सुनिश्चित गर्ने दृष्टिकोणबाट मध्यस्थकर्ता संस्थाको छनौट गर्नु पर्नेछ ।

2.15（公正な営業活動）

(न्यायिक व्यापार गतिविधिहरू)

a. 送出機関は、斡旋機関または使用者に対し、取引に関連し、社会通念上相当性を欠く接待、金銭の提供等、有形無形を問わず利益を提供した営業を行わないものとします。
अ- कामदार पठाउने संस्थाले, मध्यस्थकर्ता संस्था वा रोजगारदातासँगको व्यापारिक सम्बन्धमा सामाजिक मान्यता अनुसार उपयुक्त नहुने आतिथ्य, नगद प्रस्ताव लगायतका कुनै पनि प्रकारका लाभ प्रदान गर्ने गतिविधिहरू गर्ने छैन।

b. 送出機関は、斡旋機関または使用者に対し、FERI 認定求人票に関する取引に関連し、接待、金銭の提供等、有形無形を問わず利益を提供した営業を行わないものとします。
आ- कामदार पठाउने संस्थाले, FERI प्रमाणित रोजगारी विज्ञापनसँग सम्बन्धित व्यापारिक गतिविधिहरूमा, मध्यस्थकर्ता संस्था वा रोजगारदातालाई आतिथ्य, नगद प्रस्ताव लगायतका कुनै पनि प्रकारका लाभको प्रस्ताव (सामान्य वा अमूर्त पनि) प्रदान गर्ने गतिविधिहरू गर्ने छैन।

2.16（利益供与）
(नाफाको प्रावधान)

a. 送出機関は、斡旋機関または使用者との取引関係を形成した後についても、社会通念上相当性を欠く接待、金銭の提供、本来斡旋機関が準備・負担すべき移住労働者の就業場所における通訳の無償提供等、有形無形を問わず利益の提供を行わないものとします。
अ- कामदार पठाउने संस्थाले, मध्यस्थकर्ता संस्था वा रोजगारदातासँगको व्यापारिक सम्बन्ध स्थापना गरेपछि पनि, सामाजिक मान्यता अनुसार उपयुक्त नहुने आतिथ्य, नगद प्रस्ताव वा मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिकको कार्यस्थलमा हुने भाषानुवादको सेवा जस्ता निशुल्क प्रदान गर्ने गतिविधिहरू सञ्चालन गरेर कुनै पनि प्रकारको लाभ (सामान्य वा अमूर्त) प्रदान गर्ने गतिविधिहरू गर्ने छैन।

b. 送出機関は、FERI 認定求人票に関する取引について、斡旋機関または使用者との取引関係を形成した後についても、接待、金銭の提供、移住労働者の就業場所における通訳の無償提供等、有形無形を問わず利益の提供を行わないものとします。
आ- कामदार पठाउने संस्थाले, FERI प्रमाणित रोजगारी विज्ञापनसँग सम्बन्धित व्यापारिक गतिविधिहरूमा, मध्यस्थकर्ता संस्था वा रोजगारदातासँगको व्यापारिक सम्बन्ध स्थापना गरेपछि पनि, आतिथ्य वा मनोरञ्जन, नगद उपलब्ध गराउने, वा आप्रवासी श्रमिकको कार्यस्थलमा हुने भाषानुवादको सेवा जस्ता निशुल्क प्रदान गर्ने गतिविधिहरू सञ्चालन गरेर कुनै पनि प्रकारको लाभ (सामान्य वा अमूर्त) प्रदान गर्ने गतिविधिहरू गर्ने छैन।

2.17（移住労働者への求人情報の提供）
(आप्रवासी श्रमिकलाई रोजगारीको जानकारी प्रदान गर्नु)

a. 送出機関は、移住労働者に対し、求人情報を正確に提供するよう努めるものとします。
कामदार पठाउने संस्थाले, आप्रवासी श्रमिकलाई रोजगारीको जानकारी सही र स्पष्ट रूपमा उपलब्ध गराउने प्रयास गर्नु पर्छ।

b. 送出機関は、FERI 認定求人票に基づき募集を行う移住労働者に対しては、求人情報を正確に提供するものとし、個人または集団で求人情報を説明する機会を設けるものとします。
कामदार पठाउने संस्थाले, FERI प्रमाणित रोजगारी विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई रोजगारीको जानकारी सही तरिकाले उपलब्ध गराउनेछ र व्यक्तिगत वा समूहका आधारमा रोजगारीको जानकारी स्पष्ट रूपमा व्याख्या गर्ने अवसरहरू प्रदान गर्नेछ।

2.18（移住労働者の職業選択の自由の尊重）
(आप्रवासी श्रमिकको रोजगारी छनोटको स्वतन्त्रता र सम्मान)

送出機関は、移住労働者の職業選択の自由を尊重し、複数の求人情報から職業を選択することができるよう努めるものとします。
कामदार पठाउने संस्थाले आप्रवासी श्रमिकको पेशागत छनौटको स्वतन्त्रताको सम्मान गर्दै उनिहरूलाई विभिन्न रोजगारीको अवसरहरूबाट छनोट गर्ने सुविधा प्रदान गर्नका लागि प्रयास गर्नेछ।

2.19（移住労働者の権利制限の禁止）
(आप्रवासी श्रमिकहरूको अधिकारको सीमा लगाउन मनाही)

送出機関は、リプロダクションや私生活の自由を含む移住労働者の権利を制限しないものとします。
कामदार पठाउने संस्थाले, आप्रवासी श्रमिकको प्रजनन, स्वतन्त्रता र निजी जीवन लगायत आप्रवासी कामदारहरूको अधिकारलाई प्रतिबन्ध लगाउने छैन।

2.20（移住労働者の能力を最大化させることの措置）
(आप्रवासी श्रमिकको क्षमता बढाउन गर्ने कदमहरू)

送出機関は、移住労働者が自己実現を達成し、移住労働者が持つ能力を最大化するよう、職業訓練や語学訓練の提供に努めるものとします。
कामदार पठाउने संस्थाले, आप्रवासी श्रमिकलाई आत्मसाकार्थता प्राप्त गर्न र उनीहरूको क्षमता बढाउनका लागि, पेशागत प्रशिक्षण र भाषा प्रशिक्षणको प्रदानमा पूर्ण रुपमा ध्यान दिनेछ।

2.21（PDO の実施）
(प्रस्थान पूर्व अभिमुखीकरण (PDO) को लागू गर्ने सम्बन्धमा)

a. 送出機関は、移住労働者に対し、法令に基づき受入国での生活及び職業を円滑に遂行し、また、心身の安全を確保することに資する内容の Pre Departure Orientation（PDO）を自ら提供し、または、法律で指定された機関が実施する PDO に移住労働者を出席させるものとし、法令により定めがない場合には移住労働者に PDO を受ける機会を提供するよう努めるものとします。
अ- कामदार पठाउने संस्थाले आप्रवासी श्रमिकलाई प्रस्थान पूर्व गरिने अभिमुखीकरण (Pre-Departure Orientation - PDO) आफ्नै पहलमा प्रदान गर्नेछ, जसले गन्तव्य देशमा सहज रूपमा जीवनयापन र रोजगारी गर्न तथा शारीरिक र मानसिक सुरक्षाको सुनिश्चितता गर्न सहयोग पुर्‍याउनेछ। साथै, यदि कानूनअनुसार कुनै निर्दिष्ट संस्थाले PDO सञ्चालन गर्नु पर्ने व्यवस्था छ भने कामदार पठाउने संस्थाले आप्रवासी श्रमिकलाई सो कार्यक्रममा सहभागी गराउनेछ। यदि कानूनी व्यवस्थाले PDO को स्पष्ट निर्दिष्टता प्रदान गरेको छैन भने कामदार पठाउने संस्थाले आप्रवासी श्रमिकलाई PDO प्राप्त गर्ने अवसर उपलब्ध गराउने प्रयास गर्नेछ।

b. 送出機関は、FERI 認定求人票に基づき募集された移住労働者に対しては、FERI 認定求人票に別に PDO を実施する定めがある場合は、当該定めにしたがって PDO を実施するものとします。
आ- कामदार पठाउने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकहरूलाई यदि सो रोजगार विज्ञापनमा PDO सञ्चालन गर्ने छुट्टै व्यवस्था गरिएको छ भने सो व्यवस्था अनुरूप PDO सञ्चालन गर्नेछ।

2.22（円滑な国際移動への支援）
(सहज अन्तर्राष्ट्रिय स्थानान्तरणको लागि सहयोग)

a. 送出機関は、移住労働者が円滑に受入国へ移動することができるよう、ステークホルダーと協力して移住労働者を支援するよう努めるものとします。
अ- कामदार पठाउने संस्थाले आप्रवासी श्रमिकलाई सहज रूपमा गन्तव्य देशमा स्थानान्तरण गर्न सक्ने वातावरण सिर्जना

गर्न सरोकारवालासँग सहकार्य गरी सहयोग गर्ने प्रयास गर्नु पर्नेछ।

b. 送出機関は、FERI 認定求人票に基づき募集された移住労働者に対しては、移住労働者が円滑に受入国へ移動することができるよう、ステークホルダーと協力して移住労働者を支援するものとします。
आ- कामदार पठाउने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकहरूलाई उनीहरू सहज रूपमा गन्तव्य देशमा स्थानान्तरण गर्न सक्ने वातावरण सिर्जना गर्न सरोकारवालासँग सहकार्य गरी सहयोग गर्नेछ।

2.23 （受入国へ移動後のモニタリング）
(गन्तव्य देशमा स्थानान्तरण पछि अनुगमन)

a. 送出機関は、移住労働者が受入国へ移動した後も、ステークホルダーと協力して、移住労働者の生活状況及び就労状況をモニタリングし、必要があれば移住労働者を支援するよう努めるものとします。
अ- कामदार पठाउने संस्थाले, आप्रवासी श्रमिकले गन्तव्य देशमा स्थानान्तरण गरे पछि पनि, सरोकारवालासँग सहकार्य गरी श्रमिकको जीवन र रोजगार अवस्थाको अनुगमन गर्नेछ र आवश्यक परेमा श्रमिकलाई सहयोग गर्ने प्रयास गर्नेछ।

b. 送出機関は、FERI 認定求人票に基づき募集された移住労働者に対しては、移住労働者の生活状況及び就労状況をモニタリングし、必要があれば移住労働者を支援するものとします。
आ- कामदार पठाउने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकहरूको जीवन र रोजगार अवस्थाको अनुगमन गर्नेछ र आवश्यक भएमा श्रमिकलाई सहयोग गर्नेछ।

2.24 （受入国へ移動後の保護）
(गन्तव्य देशमा स्थानान्तरण पछिको सुरक्षा)

a. 送出機関は、移住労働者が受入国に困難に直面し保護が必要な場合には、ステークホルダーと協力して、移住労働者を保護するよう努めるものとします。
अ- कामदार पठाउने संस्थाले, आप्रवासी श्रमिकले गन्तव्य देशमा हुन सक्ने कठिनाइको सामना गर्दा र सुरक्षा आवश्यक परेमा, सरोकारवालासँग सहकार्य गर्दै, श्रमिकलाई सुरक्षा प्रदान गर्नको लागि प्रयास गर्नेछ।

b. 送出機関は、FERI 認定求人票に基づき募集された移住労働者に対しては、移住労働者が受入国に困難に直面し保護が必要な場合には、ステークホルダーと協力して、移住労働者を保護するものとします。
आ- कामदार पठाउने संस्थाले, FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकहरूलाई, यदि श्रमिकहरूले गन्तव्य देशमा कठिनाइको सामना गर्दा सुरक्षा आवश्यक परेको खण्डमा, सरोकारवालासँग सहकार्य गरी, श्रमिकलाई सुरक्षा प्रदान गर्ने प्रयास गर्नेछ।

2.25 （強制的な帰国への加担の禁止）
(जबरजस्ती स्वदेश फर्काउने कार्यमा संलग्न हुन निषेध)

送出機関は、他のステークホルダーが移住労働者の真なる同意なく移住労働者を帰国させようとする場合、送出機関は当該ステークホルダーへ協力しないものとします。
यदि अन्य कुनै साझेदारहरूले आप्रवासी श्रमिकको वास्तविक सहमति बिना आप्रवासी श्रमिकलाई स्वदेश फिर्ता गराउन प्रयास गर्छन् भने, पठाउने संस्था सो साझेदारलाई सहयोग गर्ने छैन।

2.26 （帰国後の円滑な再社会統合）
(देश फर्केपछि सहज पुनःसमाजमा समायोजन)

a. 送出機関は、移住労働者が受入国での就労を終了し、送出国へ帰国する場合、円滑に送出国社会へ再統合すること

ができるよう、移住労働者を支援するよう努めるものとします。
पठाउने संस्थाले, आप्रवासी श्रमिक गएको देशमा काम समाप्त गरेपछि र पठाउने देशमा फर्किने अवस्थामा, आप्रवासी श्रमिकलाई सहज रुपमा पठाउने देशको समाजमा पुनः समायोजन हुन मद्दत गर्ने प्रयास गर्नेछ।

b. 送出機関は、FERI 認定求人票に基づき募集された移住労働者に対しては、円滑に送出国社会へ再統合することができるよう、移住労働者を支援するものとします。
कामदार पठाउने संस्थाले, FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई पठाउने देशको समाजमा सहज रूपमा पुनः समायोजन हुनका लागि मद्दत गर्नेछ।

2.27（強制労働・人身取引・人権侵害の防止）
(जबरजस्ती श्रम, मानव व्यापार (बेचबिखन), र मानव अधिकार उल्लङ्घनको रोकथाम)

送出機関は、送出機関の職員に対して、強制労働、人身取引、人権侵害を防止するために必要な訓練を定期的に実施するものとします。
कामदार पठाउने संस्थाले आफ्ना कर्मचारीहरूलाई जबरजस्ती श्रम, मानव व्यापार, र मानव अधिकार उल्लङ्घनको रोकथाम गर्न आवश्यक तालिम नियमित रूपमा प्रदान गर्नेछ।

2.28（ガイドラインの実質的な遵守）
(निर्देशिका को वास्तविक पालन)

送出機関は、本ガイドラインを実質的に遵守するものとし、用語を形式的に読み替える等してガイドラインの遵守を回避しないものとします。
पठाउने संस्था यस निर्देशिकालाई वास्तविक रूपमा पालना गर्नेछ र शब्दहरूलाई औपचारिक रूपमा सर्तहरू परिवर्तन गरेर निर्देशिका पालना टार्ने प्रयास गर्ने छैन।

2.29（第三者を媒介とする行為の禁止）
(तेस्रो पक्षसंग मध्यस्थकर्ता गर्ने कार्यको निषेध)

送出機関は、本ガイドラインに適合しない行為について、第三者に当該行為を行わせないものとします。
कामदार पठाउने संस्थाले, यस निर्देशिकासँग मेल नखाने क्रियाकलापहरूको लागि, ती क्रियाकलापहरूलाई तेस्रो पक्षमार्फत गर्ने छैन।

2.30（情報提供）
(सूचना/जानकारी प्रदान)

a. 送出機関は、FERI 認定求人票により移住労働者を募集する以前に、斡旋機関及び使用者に対し、次の情報を提供するものとします。
अ- कामदार पठिउने संस्थाले, FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई नियुक्ति गर्नु भन्दा अघि नियुक्ति संस्था र रोजगारदातालाई तलका सूचनाहरू उपलब्ध गराउनु पर्नेछ।

- ブローカー等の第三者の利用の有無
ब्रोकर जस्ता तेस्रो पक्षको प्रयोग गरिएको छ /छैन
- 過去 2 年間における移住労働者との間の契約数
पछिल्लो २ वर्षमा आप्रवासी श्रमिकसँग गरेको सम्झौताका संख्या
- うち海外に渡航することができた移住労働者の数
जसमा विदेश जान सक्षम भएका आप्रवासी श्रमिकहरूको संख्या
- 過去 2 年間における移住労働者と締結した契約における対価の平均額

पछिल्लो २ वर्षमा आप्रवासी श्रमिकसँग गरेको सम्झौतामा प्राप्त गरिएको औसत रकम

・ 過去 2 年間における受入国での失踪者数

पछिल्लो २ वर्षमा रोजगार दिने देशमा हराएका व्यक्तिहरूको संख्या

b. 送出機関は、FERI 認定求人票により移住労働者を斡旋機関へ取り次ぐ際に、斡旋機関及び使用者に次の情報を提供するものとする。

आ- पठाउने संस्था, FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई सल्लाहकार संस्थामा पठाउँदा, सल्लाहकार संस्था र रोजगारदातालाई निम्नलिखित जानकारी प्रदान गर्नेछ।

・ 当該移住労働者の募集経路

उक्त आप्रवासी श्रमिकको नियुक्तिको मार्ग

・ 当該移住労働者が送出機関へ支払った費用の額及び内訳（0 円である場合はその旨）

सम्बन्धित आप्रवासी श्रमिकले पठाउने संस्थालाई तिरेको रकमको मात्रा र विवरण ( जिरो रुपैयाँ भएमा त्यसको उल्लेख) ।

2.31（法令の遵守）

(कानूनको पालना)

送出機関は、送出国の法令及び受入国の法令を遵守して事業を営むものとします。

कामदार पठाउने संस्थाले पठाउने देशको कानून र गन्तव्य देशको कानूनको पालना गर्दै आफ्नो व्यवसाय संचालन गर्नेछ।

2.32（情報公開）

(सूचना सार्वजनिक गर्ने)

送出機関は、次の情報を送出機関のウェブサイトに掲載するものとします。

कामदार पठाउने संस्थाले निम्नलिखित जानकारी आफ्नो वेबपेजमा प्रकाशित गर्नेछ।

・ 過去 2 年間における移住労働者との間の契約数

पछिल्ला २ वर्षमा आप्रवासी श्रमिकहरूसँग भएको सम्झौताहरूको संख्या

・ うち海外に渡航することができた移住労働者の数

त्यसमध्ये विदेश जान सफल भएका आप्रवासी श्रमिकहरूको संख्या

・ 想定される料金金額と内訳

अनुमानित शुल्कको राशि र विवरण

2.33（準 FERI 確認求人票の取扱い）

(प्रारम्भिक FERI प्रमाणित रोजगारी विज्ञापनको व्यवस्थापन)

送出機関は準 FERI 確認求人票については、性質として準用できる範囲で、FERI 認定求人票の規定を適用するものとします。

कामदार पठाउने संस्थाले प्रारम्भिक FERI प्रमाणित रोजगारी विज्ञापनमा त्यसको स्वभाव अनुसार, FERi प्रमाणीकरण गरिएको रोजगारी विज्ञापनका नियमहरू लागू गर्नेछ।

## 第 3 章 斡旋機関のガイドライン

## तेस्रो अध्याय: मध्यस्थकर्ता संस्थाको निर्देशिका

3.1 （斡旋機関の責任）

(मध्यस्थकर्ता संस्थाको जिम्मेवारी)

斡旋機関は、受入国の労働市場と国際労働市場の接点となり、移住労働者及び送出機関が受入国の労働市場に接続する際に不可欠な存在であり、移住労働者と使用者との間の雇用契約の成立を斡旋する重要な存在であることに鑑み、公正で公平な業務を遂行する責任があることを確認します。
मध्यस्थकर्ता संस्थाले गन्तव्य देशको श्रम बजार र अन्तर्राष्ट्रिय श्रम बजारको बीचको संपर्क बिन्दुको रूपमा कार्य गर्दछ, जसले आप्रवासी श्रमिक र पठाउने संस्थालाई गन्तव्य देशको श्रम बजारसँग जोड्न अपरिहार्य भूमिका खेल्नेछ। यसले आप्रवासी श्रमिक र रोजगार दिने संस्थाबीच रोजगार सम्झौता स्थापना गर्न र मध्यस्थकर्ता गर्न महत्वपूर्ण भूमिका खेल्नेछ। यसलाई ध्यानमा राख्दै मध्यस्थकर्ता संस्थाले न्यायपूर्ण र निष्पक्ष कार्य सम्पादन गर्ने जिम्मेवारी लिनेछ भनी पुष्टि गर्दछ।

3.2 （斡旋機関が担う機能）
(मध्यस्थकर्ता संस्थाले पूरा गर्ने कार्यहरू)

斡旋機関は、次の機能を担うものとします。
मध्यस्थकर्ता संस्थाले निम्नलिखित कार्यहरू पूरा गर्नेछ:

- 送出機関の選択
  पठाउने संस्थाको छनौट
- 使用者の候補者（以下、使用者及び使用者の候補者を「使用者等」という。）への情報提供
  रोजगार दिने संस्थाको  लागि उम्मेदवार (यसपछि, रोजगार दिने संस्था र रोजगार दिने संस्थाको उम्मेदवार इत्यादि भनिनेछ) को लागि सूचना /जानकारी प्रदान
- 使用者等の募集
  रोजगार दिने संस्था इत्यादिको नियुक्ति
- 使用者等の受入れに対する支援
  रोजगार दिने संस्था इत्यादिको स्वीकृतिको लागि सहयोग
- 使用者からの求人の受付
  रोजगार दिने संस्थाहरूबाट आएको मागहरूको दर्ता प्रक्रिया
- 求人情報の送出機関への提供
  रोजगारीको मागको जानकारीहरू पठाउने संस्थाहरूलाई प्रदान
- 使用者と移住労働者との間の雇用契約の成立の斡旋
  रोजगार दिने संस्था र आप्रवासी श्रमिक बीच रोजगार सम्झौता स्थापना गर्न मध्यस्थकर्ता
- 受入国への国際移動の支援
  गन्तव्य देशमा जान अन्तर्राष्ट्रिय स्थानान्तरणमा सहयोग
- 受入国内での生活・就労上の支援
  गन्तव्य देशभित्र बसोबास र रोजगार सम्बन्धी सहयोग
- 受入国への移動後のモニタリング
  गन्तव्य देशमा स्थानान्तरण पछिको मोनिटरिंग/निगरानी
- 送出国への帰国の支援
  पठाउने देशमा फर्किनको लागि सहयोग
- その他法令に定められた機能
  अन्य कानूनद्वारा निर्धारित कार्यहरू

3.3 （送出機関の選択）
(कामदार पठाउने संस्थाको छनौट)

斡旋機関は、FERI 認定求人票を取り次ぐ送出機関と取引を開始する際、法令を遵守し、移住労働者の権利を擁護し、活躍の機会を最大化するという観点から送出機関を選択するものとします。
मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनलाई मध्यनजर गर्दै पठाउने संस्थासँग व्यापार सुरु गर्दा, कानूनी मापदण्डहरूको पालना गर्दै, आप्रवासी श्रमिकहरूको अधिकारको रक्षा र तिनीहरूको अवसरहरूको अधिकतम उपयोगको दृष्टिकोणबाट पठाउने संस्थाको छनौट गर्नेछ।

3.4 （情報提供）
(जानकारी प्रदान)

幹旋機関は、FERI 認定求人票を取次ぐ送出機関を選択する際、送出機関及び移住労働者に対し、次の情報を提供するものとします。
मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनलाई मध्यनजर गर्दै पठाउने संस्थाहरुको छनौट गर्दा, पठाउने संस्था र आप्रवासी श्रमिकलाई निम्नलिखित जानकारीहरु प्रदान गर्नेछ।

- ブローカー等の第三者の利用の有無
  ब्रोकर जस्ता तेस्रो पक्षको प्रयोगको गरेको छ/छैन
- 過去 2 年間における求人の受付数
  पछिल्ला २ वर्षमा प्राप्त गरेको रोजगारको संख्या
- うち雇用契約の成立の斡旋に成功した数
  त्यसमध्ये रोजगार सम्झौतामा सफलता संख्या
- 過去 2 年間における受入国での失踪者数
  पछिल्लो २ वर्षमा गन्तव्य देशमा हराएका व्यक्तिहरूको संख्या

3.5 （公正な営業活動）
(निष्पक्ष व्यावसायिक गतिविधि)

a. 斡旋機関は、送出機関または使用者に対し、取引に関連し、社会通念上相当性を欠く接待、金銭の提供等、有形無形を問わず利益を提供した営業を行わないものとします。
   अ- मध्यस्थकर्ता संस्थाले पठाउने संस्था वा रोजगार दिने संस्थाहरूलाई लेनदेनसँग सम्बन्धित, सामाजिक दृष्टिकोणले अनुचित मानिने आतिथ्य, नगद प्रदान गर्ने, वा कुनै पनि प्रकारको भौतिक वा अभौतिक लाभ प्रदान गर्ने व्यावसायिक गतिविधि गर्ने छैन।

b. 斡旋機関は、送出機関または使用者に対し、FERI 認定求人票に関する取引に関連し、金銭の提供等、有形無形を問わず利益を提供した営業を行わないものとします。
   आ- मध्यस्थकर्ता संस्थाले पठाउने संस्था वा प्रयोगकर्ताहरूलाई FERI प्रमाणित रोजगारीसँग सम्बन्धितकार्यमा, नगद प्रदान गर्ने, वा कुनै पनि प्रकारको भौतिक वा अभौतिक लाभ प्रदान गर्ने व्यावसायिक गतिविधि गर्ने छैन।

3.6 （送出機関との間の利益提供）
(पठाउने संस्थाहरूसँग हुने नाफाको प्रावधान)

a. 斡旋機関は、送出機関に対し、取引に関連し、法令に反する、または、社会通念上相当性を欠く接待、金銭の提供等、有形無形を問わず利益の提供を求めないようにします。
   अ-मध्यस्थकर्ता संस्थाले पठाउने संस्थासँगको व्यापारसँग सम्बन्धित कुनै पनि प्रकारको लाभको प्रस्ताव गर्ने छैन, जुन कानूनी रूपमा गलत, अथवा सामाजिक दृष्टिकोणले अनुपयुक्त ठहरिने स्वागत सत्कार, नगद प्रदान गर्ने, या अन्य प्रकारका भौतिक वा अमूर्त लाभहरू समावेश गर्ने छैन।

b. 斡旋機関は、送出機関に対し、FERI 認定求人票に関する取引に関連し、接待、金銭の提供等、有形無形を問わず利益の提供を求めないようにします。

   आ-मध्यस्थकर्ता संस्थाले पठाउने संस्थासँगको FERI प्रमाणित रोजगार विज्ञापनसंग सम्बन्धित कारोबारमा स्वागत सत्कार,

नगद भुक्तानी इत्यादि कुनै पनि प्रकारको लाभको प्रस्ताव गर्ने छैन भन्ने बारेमा सुनिश्चित गर्छ।

3.7 （使用者等の選択）
(रोजगार दिने संस्थाहरूको छनौट)

a. 斡旋機関は、使用者等を選ぶ際、法令を遵守し、移住労働者の権利を擁護し、活躍の機会を最大化するという観点から使用者等を選択するよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले रोजगार दिने संस्थाहरूको छनौट गर्दा, कानूनी प्रावधानहरूको पालना गर्दै, आप्रवासी श्रमिकहरूको अधिकारको रक्षा गर्दै र उनीहरूको सक्रियता अवसरहरूलाई अधिकतम बनाउने दृष्टिकोणबाट रोजगार दिने संस्थाहरूलाई छनौट गर्ने प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に関して使用者等を選ぶ際、法令を遵守し、移住労働者の権利を擁護し、活躍の機会を最大化するという観点から使用者等を選択するものとします。
आ-मध्यस्थकर्ता संस्थाले, FERI प्रमाणित रोजगार विज्ञापनसंग सम्बन्धित रोजगार दिने संस्थाहरूलाई छनौट गर्दा, कानूनी प्रावधानहरूको पालना गर्दै, आप्रवासी श्रमिकहरूको अधिकारको रक्षा गर्दै र उनीहरूको सक्रियता र अवसरहरूलाई अधिकतम बनाउने दृष्टिकोणबाट रोजगार दिने संस्थाहरूलाई छनौट गर्नेछ।

3.8 （使用者等への情報提供）
(रोजगार दिने संस्थाहरूलाई जानकारी उपलब्ध गराउने)

斡旋機関は、FERI 認定求人票に関する取引をする使用者等に対し次の情報を提供するものとします。
मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनसँग सम्बन्धित कारोबार गर्ने रोजगार दिने संस्थाहरू इत्यादि लाई निम्न जानकारी प्रदान गर्नेछ।

- 求人票を取り次ぐ送出機関
  रोजगारीको विज्ञापन संप्रेषण गर्ने पठाउने संस्था
- 当該送出機関のブローカー等の第三者の利用の有無
  सो कामदार पठाउने संस्थाले ब्रोकर वा अन्य तेस्रो पक्षको उपयोग गरेको छ वा छैन भन्ने जानकारी
- 過去 2 年間における求人の受付数
  पछिल्लो २ वर्षमा प्राप्त रोजगारी विज्ञापनको संख्या
- うち雇用契約の成立の斡旋に成功した数
  तिनबाट सफलतापूर्वक रोजगार सम्झौता सम्पन्न भएकाहरूको संख्या
- 過去 2 年間における受入国での失踪者数
  पछिल्लो २ वर्षमा गन्तव्य देशमा हराएका व्यक्तिहरूको संख्या

3.9 （正確な求人情報の収集）
(यथार्थपरक रोजगारीको जानकारीको सङ्कलन)

a. 斡旋機関は、使用者から求人を受け付ける際には、求人情報の正確性を確保するよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले रोजगार दिने संस्थाहरू बाट रोजगारी विज्ञापन स्वीकृत गर्दा, सो जानकारीको यथार्थता सुनिश्चित गर्ने प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票を受け付ける場合には使用者の就業場所へ実地で訪問した上で求人票記載事項が事実であることを確認するものとします。
आ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापन प्राप्त गर्दा, रोजगार दिने संस्थाहरूको कार्यस्थलमा प्रत्यक्ष भ्रमण गरेर विज्ञापनमा उल्लिखित विवरणहरू सत्य हुन् भन्नेकुरा सुनिश्चित गर्नेछ।

3.10（労働条件及び就労環境の向上）
(श्रम शर्तहरू र कार्य वातावरणको सुधार)

斡旋機関は、移住労働者の労働条件及び就労環境がより良くなるようその向上に努めるものとします。
मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिकहरूको श्रम शर्तहरू र कार्य वातावरण अझ राम्रो बनाउने प्रयास गर्नेछ।

3.11（求人情報の提供）
(रोजगारीको जानकारी प्रदान)

a. 斡旋機関は、使用者等から受け付けた求人情報を正確に送出機関及び移住労働者に提供するよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले रोजगार दिने संस्थाहरूबाट प्राप्त रोजगारी सम्बन्धि जानकारीलाई सही रूपमा पठाउने संस्था तथा आप्रवासी श्रमिकहरूलाई उपलब्ध गराउने प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に記載された求人情報を正確に送出機関及び移住労働者に提供するものとします。
आ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनमा उल्लेखित रोजगारीको जानकारीलाई सही रूपमा पठाउने संस्था तथा आप्रवासी श्रमिकहरूलाई प्रदान गर्नेछ।

3.12（公正な選考の実施）
(निष्पक्ष छनोटको कार्यान्वयन)

a. 斡旋機関は、移住労働者を選考するにあたり、移住労働者の能力に関係しない事項により選考を行わないよう努めるものとします。
अ-मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिकलाई छनोट गर्दा, श्रमिकको क्षमता संग सम्बन्धित नगरेका पक्षहरूमा आधारित रहेर छनोट नगर्न प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に関して移住労働者を選考するにあたり、移住労働者の能力に関係しない事項により選考を行わないものとします。
आ-मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनको सम्बन्धमा आप्रवासी श्रमिकलाई छनोट गर्दा, श्रमिकको क्षमता संग सम्बन्धित नगरेका पक्षहरूमा आधारित रहेर छनोट गर्ने छैन।

3.13（選考の際の禁止事項）
(छनोटको समयमा निषेधित कार्यहरू)

斡旋機関は、募集時に年齢、性別、出身地域、人種、宗教に基づく差別を行わないものとします。
मध्यस्थकर्ता संस्थाले रोजगारको लागि विज्ञापन गर्दा उमेर, लिंग, जन्म क्षेत्र, जाति, धर्मको आधारमा भेदभाव गर्ने छैन।

3.14（求人条件の説明）
(रोजगारी शर्तहरूको व्याख्या)

a. 斡旋機関は、求人票に記載された情報を、自らまたは送出機関を介して、個人または集団で説明するよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले रोजगारी विज्ञापनमा उल्लिखित जानकारीलाई, आफैं वा पठाउने संस्थामार्फत, व्यक्तिगत वा समुहमा व्याख्या गर्ने प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に記載された情報を、自らまたは送出機関を介して、個人または集団で説明するも

のとします。
आ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनमा उल्लिखित जानकारीलाई, आफैं वा पठाउने संस्थामार्फत, व्यक्तिगत वा समुहमा व्याख्या गर्नेछ।

c. 斡旋機関は、FERI 認定求人票に記載された情報を、自らまたは送出機関を介して、移住労働者に対して書面または電磁的記録で交付するものとします。
इ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनमा उल्लिखित जानकारीलाई, आफैं वा पठाउने संस्थामार्फत, आप्रवासी श्रमिकलाई लेखित वा विद्युतीय रेकर्डको माध्यमबाट प्रदान गर्नेछ।

3.15（移住労働者の同意）
(आप्रवासी श्रमिकको सहमति)

a. 斡旋機関は、移住労働者と使用者との間で雇用契約の成立させる場合には、移住労働者に同意を得るとともに、書面で契約するよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिक र रोजगार दिने संस्थाहरूबीच रोजगार सम्झौता सम्पन्न गर्दा, श्रमिकको सहमति प्राप्त गर्नका साथै, लेखित सम्झौतामा हस्ताक्षर गराउने प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に関して移住労働者と使用者との間で雇用契約の成立させる場合には、契約書を移住労働者が理解できる言語で作成し、移住労働者に同意を得るとともに、書面で契約するものとします。
आ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनको सम्बन्धमा आप्रवासी श्रमिक र रोजगार दिने संस्थाहरूबीच रोजगार सम्झौता सम्पन्न गर्दा, सम्झौतापत्रलाई श्रमिकले बुझ्न सक्ने भाषामा तयार गरी, श्रमिकको सहमति प्राप्त गर्नुका साथै, लिखित सम्झौतामा हस्ताक्षर गराउनेछ।

3.16（国際移動へ要する期間への配慮）
(अन्तर्राष्ट्रिय स्थानान्तरणको लागि उपयुक्त समयको विचार)

斡旋機関は、移住労働者が国境を越えて移動することに時間を要することを理解し、移動の準備をする間の住居費や食費における移住労働者の負担を削減する取り組みを行うよう努めるものとします。
मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिकले सीमा पार गर्ने समय लाग्ने कुरा बुझी, स्थानान्तरणको तयारी गर्दा आवास र भोजनको खर्चमा श्रमिकको भार घटाउने प्रयास गर्नेछ।

3.17（円滑な国際移動に向けた支援）
(सहज अन्तर्राष्ट्रिय स्थानान्तरणको लागि सहयोग)

a. 斡旋機関は、移住労働者が円滑に受入国へ移動することができるよう、ステークホルダーと協力して移住労働者を支援するよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिकलाई सहज रूपमा गन्तव्य देशमा स्थानान्तरण गर्न सक्ने बनाउनका लागि, सरोकारवालासँग सहकार्य गरी श्रमिकलाई सहयोग गर्ने प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に基づき募集された移住労働者について、移住労働者が円滑に受入国へ移動することができるよう、ステークホルダーと協力して移住労働者を支援するものとします。
आ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनका आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई सहज रूपमा गन्तव्य देशमा स्थानान्तरण गर्न सक्ने बनाउनका लागि, सरोकारवालासँग सहकार्य गरी श्रमिकलाई सहयोग गर्ने प्रयास गर्नेछ।

3.18（出入国の際の支援）
(अध्यागमनको समयमा सहयोग)

a. 斡旋機関は、法令に基づき、出入国の際の送迎等の支援を行うものとし、法令に基づく義務がない場合には当該支援を行うよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले कानून अनुसार, अध्यागमनको समयमा छोड्ने लिनजाने जस्ता सहयोग प्रदान गर्नेछ र यदि कानूनी प्रावधानले यो जिम्मेवारी नदिएको खण्डमा सो सहयोग प्रदान गर्नको लागि प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に基づき募集された移住労働者について、出入国の際の送迎等の支援を行うものとします。

आ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनका आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई अध्यागमनको समयमा छोड्ने लिनजाने जस्ता सहयोग प्रदान गर्नेछ।

3.19（PAO の実施）
(PAO को कार्यान्वयन)

a. 斡旋機関は、移住労働者に対し、法令に基づき受入国での生活及び職業を円滑に遂行し、また、心身の安全を確保することに資する内容の Post Arrival Orientation（PAO）を自ら提供し、または、適切な第三者が実施する PAO に移住労働者を出席させるものとし、法令による定めがない場合には PAO の提供を行うよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिकलाई, कानून अनुसार गन्तव्य देशमा जीवन र पेशा सहजै सञ्चालन गर्न र मानसिक तथा शारीरिक सुरक्षा सुनिश्चित गर्नको लागि उपयुक्त Post Arrival Orientation (PAO) आफैं प्रदान गर्नेछ वा उचित तेस्रो पक्ष द्वारा प्रदान गरिएका PAO कार्यक्रममा श्रमिकलाई उपस्थित गराउनेछ। यदि कानूनमा कुनै विशेष व्यवस्था नभएमा, PAO को प्रदान गर्नका लागि प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に基づき募集された移住労働者に対して、FERI 認定求人票に別に PAO を実施する定めがある場合は、当該定めにしたがって PAO を実施するものとします。
आ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनका आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई यदि FERI प्रमाणित रोजगारी विज्ञापनमा विशेष रूपमा PAO को कार्यान्वयनको व्यवस्था छ भने, सो व्यवस्थाअनुसार PAO कार्यान्वयन गर्नेछ।

3.20（就労状況のモニタリングの実施）
(रोजगारी स्थितिको अनुगमनको कार्यान्वयन)

a. 斡旋機関は、法令に基づき、ステークホルダーと協力して、移住労働者の生活状況及び就労状況をモニタリングし、必要があれば移住労働者を支援するものとし、法律上の義務がない場合には支援するよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले कानूनअनुसार, सरोकारवालासँग सहकार्य गरी आप्रवासी श्रमिकको जीवन र रोजगारको स्थितिको अनुगमन गर्नेछ र आवश्यक परेको खण्डमा श्रमिकलाई सहयोग गर्नेछ। यदि कानूनी बाध्यता नभएमा, सहयोग प्रदान गर्नका लागि प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に基づき募集された移住労働者に対して、ステークホルダーと協力して、移住労働者の生活状況及び就労状況をモニタリングし、必要があれば移住労働者を支援するものとします。
आ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगारी विज्ञापनका आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकलाई, सरोकारवालासँग सहकार्य गरी, श्रमिकको जीवन र रोजगारको स्थितिको अनुगमन गर्नेछ र आवश्यक परेको खण्डमा श्रमिकलाई सहयोग गर्नेछ।

3.21（移住労働者の保護）
(आप्रवासी श्रमिकको सुरक्षा)

a. 斡旋機関は、法令に基づき、移住労働者が受入国に困難に直面し保護が必要な場合には、ステークホルダーと協力して、移住労働者を保護するものとし、法律上の義務がない場合には保護するよう努めるものとします。
अ- मध्यस्थकर्ता संस्थाले कानूनी प्रावधानहरूको आधारमा, आप्रवासी श्रमिकहरूलाई गन्तव्य देशमा कठिनाइहरूको सामना गर्दा र संरक्षणको आवश्यकता पर्दा, सरोकारवालाहरूसँग मिलेर आप्रवासी श्रमिकहरूको संरक्षण गर्नेछ र कानूनी रूपमा बाध्यकारी नभए पनि संरक्षणको प्रयास गर्नेछ।

b. 斡旋機関は、FERI 認定求人票に基づき募集された移住労働者に対して、移住労働者が受入国に困難に直面し保護が必要な場合には、ステークホルダーと協力して、移住労働者を保護するものとします。
आ- मध्यस्थकर्ता संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकहरूलाई गन्तव्य देशमा कठिनाइहरूको सामना गर्दा र संरक्षणको आवश्यकता पर्दा, सरोकारवालाहरूसँग मिलेर आप्रवासी श्रमिकहरूको संरक्षण गर्नेछ।

3.22（強制的な帰国への加担の禁止）
(जबरजस्ती फिर्ता पठाउने कार्यमा सहकार्यको निषेध)

斡旋機関は、他のステークホルダーが移住労働者の真なる同意なく移住労働者を帰国させようとする場合、斡旋機関は当該ステークホルダーへ協力しないものとします。
यदि अन्य सरोकारवालाहरूले आप्रवासी श्रमिकहरूको वास्तविक सहमति बिना उनीहरूलाई फिर्ता पठाउन खोजेमा, मध्यस्थकर्ता संस्थाले ती सरोकारवालाहरूलाई सहयोग गर्ने छैन।

3.23（利益相反時の公平性の確保）
(लाभ द्वन्द्वको समयमा निष्पक्षताको सुनिश्चितता)

斡旋機関は、他のステークホルダーと移住労働者との間で利益相反が生じた場合には、移住労働者の利益を優先するよう努めるものとします。
मध्यस्थकर्ता संस्थाले अन्य सरोकारवालाहरू र आप्रवासी श्रमिकहरू बीच लाभ सम्बन्धि द्वन्द्व उत्पन्न भएमा, आप्रवासी श्रमिकहरूको हितलाई प्राथमिकता दिने प्रयास गर्नेछ।

3.24（脆弱性の不使用）
(कमजोरीको दुरुपयोग नगर्ने)

斡旋機関は、移住労働者の脆弱性を使用し、移住労働者の意に反した行動をとらせることを行わないものとします。
मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिकहरूको कमजोरीको फाइदा उठाएर उनीहरूको इच्छा विपरीत कुनै पनि कार्य गर्न बाध्य पार्ने छैन।

3.25（移住労働者の権利制限の禁止）
(आप्रवासी श्रमिकहरूको अधिकार सीमित नगर्ने)

斡旋機関は、リプロダクションや私生活の自由を含む移住労働者の権利を制限しないものとします。
मध्यस्थकर्ता संस्थाले प्रजनन र निजी जीवनको स्वतन्त्रता सहित आप्रवासी श्रमिकहरूको अधिकार सीमित गर्ने छैन।"

3.26（物品等の領置の禁止）
(सामानहरूको जफत निषेध)

a. 斡旋機関は、移住労働者のパスポート、身分証明書、学歴や試験の合格を証明するもの、金品（以下「物品等」といいます。）について、在留資格を変更・更新する手続を行うために預かる等合理的な理由がある場合を除いて預からな

いものとします。

अ- मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिकहरूको पासपोर्ट, परिचयपत्र, शैक्षिक प्रमाणपत्रहरू, परीक्षा उत्तीर्ण प्रमाणपत्रहरू, र धनसम्पत्ति (जसलाई "सामानहरू" भनिन्छ) को हकमा, बसोबासको स्थिति परिवर्तन वा नवीकरण प्रक्रियाको लागि आवश्यक पर्ने उचित कारणहरू बाहेक, ती सामानहरूलाई जफत गर्ने छैन।

b. 斡旋機関は、移住労働者から物品等を預かった場合、移住労働者から返還の依頼があった場合、速やかに返還するものとします。

आ- मध्यस्थकर्ता संस्थाले आप्रवासी श्रमिकहरूबाट सामानहरू लिएको अवस्थामा, आप्रवासी श्रमिकहरूले फिर्ता गर्न अनुरोध गरेमा, तुरुन्तै फिर्ता गर्नु पर्नेछ।

3.27（強制労働・人身取引・人権侵害の防止）
(जबरजस्ती श्रम, मानव तस्करी, र मानव अधिकार उल्लङ्घनको रोकथाम)

斡旋機関は、斡旋機関の職員に対して、強制労働、人身取引、人権侵害を防止するために必要な訓練を定期的に実施するものとします。

मध्यस्थकर्ता संस्थाले जबरजस्ती श्रम, मानव तस्करी, र मानव अधिकार उल्लङ्घनको रोकथामका लागि आवश्यक तालिमहरू आफ्ना कर्मचारीहरूलाई नियमित रूपमा दिनेछन्।

3.28（ガイドラインの実質的な遵守）
(निर्देशिकाको वास्तविक पालना)

斡旋機関は、本ガイドラインを実質的に遵守するものとし、用語を形式的に読み替える等してガイドラインの遵守を回避しないものとします。

मध्यस्थकर्ता संस्थाले यस निर्देशिकालाई वास्तविक रूपमा पालना गर्नु पर्नेछ र शब्दहरूको पुनःव्याख्या गरेर निर्देशिकाको पालना नगर्ने प्रयास गर्ने छैनन्।

3.29（第三者を媒介とする行為の禁止）
(तेस्रो पक्षलाई माध्यम बनाउने कार्यको निषेध)

斡旋機関は、本ガイドラインに適合しない行為について、第三者に当該行為を行わせないものとします。

मध्यस्थकर्ता संस्थाले यस निर्देशिका सँग मेल नखाने क्रियाकलापहरूको लागि तेस्रो पक्षलाई सो क्रियाकलाप गर्न अनुमति दिनेछैन।

3.30（法令遵守）
(कानूनी प्रावधानहरूको पालना)

旋機関は、送出国の法令及び受入国の法令を遵守して事業を営むものとします。

मध्यस्थकर्ता संस्थाले पठाउने देश र गन्तव्य देशका कानूनी प्रावधानहरूको पालना गर्दै आफ्नो व्यवसाय सञ्चालन गर्नेछ।

3.31（情報公開）
(सूचना सार्वजनिक)

斡旋機関は、次の情報を斡旋機関のウェブサイトに掲載するものとします。

मध्यस्थकर्ता संस्थाले निम्न जानकारीहरू आफ्नो वेबसाइटमा प्रकाशित गर्नेछ।

- 過去 2 年間における求人の受付数
  गत २ वर्षमा प्राप्त रोजगार आवेदनहरूको संख्या
- うち雇用契約の成立の斡旋に成功した数
  तीमध्ये रोजगार सम्झौता सफलतापूर्वक गरिएका संख्या

3.32（斡旋機関と支援機関が分離している場合の準用）
(मध्यस्थकर्ता संस्था र सहयोगी संस्थाहरू अलग भएका अवस्थामा लागू)

斡旋機関と支援機関(受入国において移住労働者の生活及び就労を円滑に行うための支援サービスを、使用者の委託に基づき提供する機関をいいます。)が分離している場合、本章の基準は支援機関にも準用されるものとします。
मध्यस्थकर्ता संस्था र सहयोगी संस्थाहरू (जसले गन्तव्य देशमा आप्रवासी श्रमिकहरूको जीवन र रोजगारलाई सहज बनाउन रोजगार दिने संस्थाको अनुरोधमा सहयोग सेवा प्रदान गर्छन्) अलग भएका अवस्थामा, यस अध्यायका मापदण्डहरू सहयोगी संस्थाहरूमा पनि लागू हुनेछन्।

3.33（準 FERI 確認求人票の取扱い）
(अस्थायी FERI प्रमाणित रोजगार विज्ञापनहरूको व्यवस्थापन)

斡旋機関は準 FERI 確認求人票については、性質として準用できる範囲で、FERI 認定求人票の規定を適用するものとします。
मध्यस्थकर्ता संस्थाले प्रारम्भिक FERI प्रमाणित रोजगार विज्ञापनहरूको हकमा, तिनीहरूको प्रकृतिको आधारमा, FERI प्रमाणित रोजगार विज्ञापनहरूको नियमहरू लागू गर्नेछ।

## 第 4 章 使用者のガイドライン
## चौथो अध्याय: रोजगार दिने संस्थाको निर्देशिका

4.1 （使用者の責任）
(रोजगार दिने संस्थाको जिम्मेवारी)

使用者は、移住労働者に対し受入国の生活及び就労の基盤を提供する不可欠な存在であり、移住労働の過程全体に影響力を行使することができる重要な存在であることに鑑み、公正で公平な業務を遂行する責任があることを確認します。
रोजगार दिने संस्था आप्रवासी श्रमिकहरूलाई गन्तव्य देशमा जीवन र रोजगारको आधार प्रदान गराउने अपरिहार्य अस्तित्व हो र आप्रवासी श्रमको सम्पूर्ण प्रक्रियामा प्रभाव पार्न सक्षम महत्त्वपूर्ण अस्तित्व पनि हो भन्ने कुरालाई ध्यानमा राख्दै, निष्पक्ष र न्यायसंगत कार्यहरू सञ्चालन गर्ने जिम्मेवारी छ भन्ने कुरा पुष्टि गर्दछ।

4.2 （使用者が担う機能）
(रोजगार दिने संस्थाले निर्वाह गर्ने कार्यहरू)

使用者は、次の機能を担うものとします。
रोजगार दिने संस्थाले निम्न कार्यहरू निर्वाह गर्नेछ।

- 斡旋機関の選択
  मध्यस्थकर्ता संस्थाको छनौट
- 労働条件の決定
  श्रम अवस्थाको निर्धारण
- 斡旋機関への求人情報の提供
  मध्यस्थकर्ता संस्थालाई रोजगारी सम्बन्धि जानकारी प्रदान गर्ने
- 移住労働者の選考及び採用
  आप्रवासी श्रमिकहरूको छनौट र नियुक्ति
- 移住労働者の国際移動の支援
  आप्रवासी श्रमिकहरूको अन्तर्राष्ट्रिय स्थानान्तरणमा सहयोग
- 移住労働者へ適切な労働環境の提供
  आप्रवासी श्रमिकहरूलाई उपयुक्त श्रम वातावरण प्रदान गर्ने
- 移住労働者の労働安全衛生の確保

आप्रवासी श्रमिकहरूको श्रम सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्ने

- 移住労働者へ適切な住環境の提供
  आप्रवासी श्रमिकहरूलाई उपयुक्त बसाई वातावरण प्रदान गर्ने
- 移住労働者の生活・就労上の支援
  आप्रवासी श्रमिकहरूको जीवन र रोजगार सम्बन्धी सहयोग
- 移住労働者の能力向上の支援
  आप्रवासी श्रमिकहरूको क्षमता विकासमा सहयोग
- その他法令に定められた機能
  अन्य कानूनले निर्धारण गरेका कार्यहरू

4.3 （リクルート経路を知る責任）
(नियुक्ति मार्गहरूबारे जान्ने जिम्मेवारी)

使用者は、使用者が国際労働移動全体のプロセスに影響力を行使することができることを理解し、リクルートの起点から使用者が採用し、帰国するまでの全体を知るよう努めるものとします。
रोजगार दिने संस्थाले अन्तर्राष्ट्रिय श्रम स्थानान्तरणको सम्पूर्ण प्रक्रियामा प्रभाव पार्न सक्षम छ भन्ने कुरा बुझ्नुपर्छ, र नियुक्तिको सुरुवातदेखि रोजगार दिने संस्थाले नियुक्ति गर्ने र स्वदेश फर्कने सम्मको सम्पूर्ण प्रक्रिया जान्न प्रयास गर्नुपर्छ।

4.4 （斡旋機関の選択）
(मध्यस्थकर्ता संस्थाहरूको छनौट)

a. 使用者は、斡旋機関を選ぶ際、法令を遵守し、移住労働者の権利を擁護し、活躍の機会を最大化するという観点から斡旋機関を選択するよう努めるものとします。
   अ- रोजगार दिने संस्थाले मध्यस्थकर्ता संस्थाहरूको छनौट गर्दा, कानूनी प्रावधानहरूको पालना गर्ने, आप्रवासी श्रमिकहरूको अधिकारहरूको संरक्षण गर्ने, र उनीहरूको अवसरहरूलाई अधिकतम गर्ने दृष्टिकोणबाट छनौट गर्न प्रयास गर्नुपर्छ।

b. 使用者は、FERI 認定求人票に基づく求人を依頼する斡旋機関を選ぶ際、法令を遵守し、移住労働者の権利を擁護し、活躍の機会を最大化するという観点から斡旋機関を選択するものとします。
   आ- रोजगार दिने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा रोजगारको लागि मध्यस्थकर्ता संस्थाहरूको छनौट गर्दा, कानूनी प्रावधानहरूको पालना गर्ने, आप्रवासी श्रमिकहरूको अधिकारहरूको संरक्षण गर्ने, र उनीहरूको अवसरहरूलाई अधिकतम गर्ने दृष्टिकोणबाट छनौट गर्नुपर्छ।

4.5 （送出機関の選択）
(पठाउने संस्थाहरूको छनौट)

a. 使用者は、送出機関を選ぶ場合には、法令を遵守し、移住労働者の権利を擁護し、活躍の機会を最大化するという観点から送出機関を選択するよう努めるものとします。
   अ- रोजगार दिने संस्थाले पठाउने संस्थाहरूको छनौट गर्दा, कानूनी प्रावधानहरूको पालना गर्ने, आप्रवासी श्रमिकहरूको अधिकारहरूको संरक्षण गर्ने, र उनीहरूको अवसरहरूलाई अधिकतम गर्ने दृष्टिकोणबाट छनौट गर्ने प्रयास गर्नुपर्छ।

b. 使用者は、FERI 認定求人票に基づく求人を取り次ぐ送出機関を選ぶ場合には、法令を遵守し、移住労働者の権利を擁護し、活躍の機会を最大化するという観点から送出機関を選択するものとします。
   आ- रोजगार दिने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा रोजगारको लागि पठाउने संस्थाहरूको छनौट गर्दा, कानूनी प्रावधानहरूको पालना गर्ने, आप्रवासी श्रमिकहरूको अधिकारहरूको संरक्षण गर्ने र उनीहरूको अवसरहरूलाई अधिकतम गर्ने दृष्टिकोणबाट छनौट गर्नुपर्छ।

4.6 （情報の提供）

(जानकारीको प्रदान)

使用者は、FERI 認定求人票について取引を行う斡旋機関及び送出機関に対し、次の情報を提供するものとします。
रोजगार दिने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको बारेमा मध्यस्थकर्ता संस्थाहरू र पठाउने संस्थाहरूलाई निम्न जानकारीहरू प्रदान गर्नेछ।

- 過去 2 年間における外国人雇用の数
  विगत २ वर्षमा विदेशीकामदारको रोजगारको संख्या
- 予定していた期間より早期に帰国した者の数
  निर्धारित अवधिभन्दा चाँडै फर्केका कामदारको संख्या

4.7 （不当な要求）
(अनुचित मागहरू)

a. 使用者は、斡旋機関及び送出機関に対し、社会通念上相当性を欠く接待等の利益の提供の要求や、合理性のない値下げ等の要求を行わないものとします。
अ- रोजगार दिने संस्थाले मध्यस्थकर्ता संस्थाहरू र पठाउने संस्थाहरूलाई सामाजिक मान्यतामा अनुपयुक्त आतिथ्य जस्ता लाभहरूको माग वा तर्कहीन मूल्य घटाउने मागहरू गर्ने छैनन।

b. 使用者は、FERI 認定求人票に関して、斡旋機関及び送出機関に対し、接待等の利益の提供の要求や、合理性のない値下げ等の要求を行わないものとします。
आ- रोजगार दिने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको सन्दर्भमा, मध्यस्थकर्ता संस्थाहरू र पठाउने संस्थाहरूलाई आतिथ्य जस्ता लाभहरूको माग वा तर्कहीन मूल्य घटाउने मागहरू गर्ने छैनन।

4.8 （適正な費用の負担）
(उचित खर्चको बोझ)

a. 使用者は、移住労働者が使用者に就労するまでの過程で要する費用について、適正な金額を負担するよう努めるものとします。
अ- रोजगार दिने संस्थाले आप्रवासी श्रमिकहरूलाई रोजगारमा राख्नुअघि लाग्ने खर्चहरूको उचित रकम वहन गर्न प्रयास गर्नु पर्दछ।

b. 使用者は、FERI 認定求人票により募集する移住労働者については、移住労働者が使用者に就労するまでの過程で要する費用について、次の費用を除いて移住労働者に負担させないものとします。
आ- रोजगार दिने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकहरूको हकमा, श्रमिकहरूलाई रोजगारमा राख्नुअघि लाग्ने खर्चहरूको निम्न खर्चहरू बाहेक अन्य खर्चहरू वहन गर्न लगाउने छैन।

  - 送出国国内の移動費用
  - पठाउने देशभित्रको यात्रा खर्च

4.9 （差別的な求人の禁止）
(भेदभावपूर्ण रोजगार विज्ञापनको निषेध)

使用者は、求人に際し、国籍、性別、年齢、人種に基づく差別を行わないものとします。
रोजगार दिने संस्थाले रोजगार विज्ञापन गर्दा, राष्ट्रियता, लिङ्ग, उमेर, जातीयतामा आधारित भेदभाव गर्ने छैनन।

4.10（斡旋機関への正確な求人情報の提供）

(मध्यस्थकर्ता संस्थाहरूलाई सही रोजगार जानकारीको प्रावधान)

a. 使用者は、斡旋機関に対し、正確な求人情報を提供するよう努めるものとします。
अ- रोजगार दिने संस्थाले मध्यस्थकर्ता संस्थाहरूलाई सही रोजगार जानकारी प्रदान गर्न प्रयास गर्नेछ।

b. 使用者は、斡旋機関に対し、FERI 認定求人票について正確な求人情報を提供するものとします。
आ- रोजगार दिने संस्थाले मध्यस्थकर्ता संस्थाहरूलाई FERI प्रमाणित रोजगार विज्ञापनको बारेमा सही रोजगार जानकारी प्रदान गर्नेछ।

4.11（移住労働者への正確な求人情報の提供）
(आप्रवासी श्रमिकहरूलाई सही रोजगार जानकारीको प्रावधान)

a. 使用者は、採用の過程で移住労働者に接する際に、改めて移住労働者に対し正確な求人情報を提供するよう努めるものとします。
अ- रोजगार दिने संस्थाले नियुक्ति प्रक्रियामा आप्रवासी श्रमिकहरूसँग सम्पर्क गर्दा, उनीहरूलाई सही रोजगार जानकारी प्रदान गर्न प्रयास गर्नेछ।

b. 使用者は、FERI 認定求人票に基づき募集した移住労働者に接する際に、改めて移住労働者に対し正確な求人情報を提供するものとします。
आ- रोजगार दिने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकहरूसँग सम्पर्क गर्दा, उनीहरूलाई सही रोजगार जानकारी प्रदान गर्नेछ।

4.12（採用の書面による合意）
(नियुक्तिको लिखित सम्झौता)

a. 使用者は、移住労働者を採用する場合、採用の通知は書面または電磁的記録により行うよう努めるものとします。
अ- रोजगार दिने संस्थाले आप्रवासी श्रमिकहरूलाई नियुक्ति गर्दा, नियुक्तिको सूचना लिखित वा विद्युतीय रेकर्ड मार्फत प्रदान गर्न प्रयास गर्नेछ।

b. 使用者は、FERI 認定求人票に基づき移住労働者を採用する場合、採用の通知は書面または電磁的記録により行うものとします。
आ- रोजगार दिने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा आप्रवासी श्रमिकहरूलाई नियुक्ति गर्दा, नियुक्तिको सूचना लिखित वा विद्युतीय रेकर्ड मार्फत प्रदान गर्नेछ।

4.13（国際移動への理解と配慮）
(अन्तर्राष्ट्रिय स्थानान्तरण प्रति बुझाइ र विचार)

使用者は、移住労働者が使用者で働くまでに国境を越えて移動するために時間と費用を要することを理解し、配慮するものとします。
रोजगार दिने संस्थाले आप्रवासी श्रमिकहरूलाई आफ्नो रोजगारदातासँग काम गर्न देशको सीमा पार गर्न समय र खर्च लाग्ने कुरा बुझ्नेछन र विचार गर्नेछ।

4.14（採用の撤回）
(नियुक्ति रद्द बारेमा)

a. 使用者は、一度移住労働者に通知した採用を撤回する場合には、法令に基づき撤回が可能な場合に限られるものとします。

अ- रोजगार दिने संस्थाले एक पटक आप्रवासी कामदारलाई सूचित गरेको नियुक्ति रद्द गर्नुपर्ने अवस्थामा, यो केवल कानूनी प्रावधानहरूको आधारमा मात्र सम्भव हुनेछ।

b. 使用者は、移住労働者が再度準備をすることに費用が追加的に必要となる場合、当該費用を負担するよう努めるものとします。
आ- रोजगार दिने संस्थाले आप्रवासी कामदारले पुन: तयारी गर्न थप खर्च आवश्यकपर्ने अवस्थामा, उक्त खर्चको भार वहन गर्न प्रयास गर्नेछ।

c. 使用者は、FERI 認定求人票に基づき募集された移住労働者に採用を通知した場合で採用を撤回する場合、移住労働者が再度準備をすること追加的に必要となる費用を負担するものとします。
इ- रोजगार दिने संस्थाले, FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी कामदारलाई नियुक्ति सूचित गरेको अवस्थामा र नियुक्ति रद्द गर्नुपर्ने अवस्थामा, आप्रवासी कामदारले पुन: तयारी गर्न थप खर्च आवश्यक पर्ने खर्चको भार वहन गर्नेछ।

4.15（円滑な国際移動への協力）
(सहज अन्तर्राष्ट्रिय आवागमनमा सहयोग)

a. 使用者は、移住労働者が円滑に受入国へ移動することができるよう、ステークホルダーと協力して移住労働者を支援するよう努めるものとします。
अ- रोजगार दिने संस्थाले, आप्रवासी कामदारले सहज रूपमा गन्तव्य देशमा स्थानान्तरण गर्न सकून् भनेर, सरोकारवालाहरूसँग मिलेर आप्रवासी कामदारलाई सहयोग गर्न प्रयास गर्नेछ।

b. 使用者は、FERI 認定求人票に基づき採用した移住労働者が円滑に受入国へ移動することができるよう、ステークホルダーと協力して移住労働者を支援するものとします。
आ- रोजगार दिने संस्थाले, FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी कामदारले सहज रूपमा गन्तव्य देशमा स्थानान्तरण गर्न सकून् भनेर, सरोकारवालाहरूसँग मिलेर आप्रवासी कामदारलाई सहयोग गर्नेछ।

4.16（適切な支援の提供）
(उपयुक्त सहयोगको प्रदान)

a. 使用者は、法令に基づき、自らまたは斡旋機関を介して出入国の際の送迎等の支援を行うものとし、法令により義務づけられない場合には支援を行うよう努めるものとします。
अ- रोजगार दिने संस्थाले, कानूनी प्रावधानहरूको आधारमा, आफैं वा मध्यस्थकर्ता संस्थामार्फत, आप्रवासी कामदारको आगमन र प्रस्थानको क्रममा सहयोग गर्नेछ, र कानूनी रूपमा अनिवार्य नभएको अवस्थामा पनि सहयोग गर्न प्रयास गर्नेछ।

b. 使用者は、FERI 認定求人票に基づき採用した移住労働者に対し、自らまたは斡旋機関を介して出入国の際の送迎等の支援を行うものとします。
आ- रोजगार दिने संस्थाले, FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी कामदारलाई, आफैं वा मध्यस्थकर्ता संस्थामार्फत, आगमन र प्रस्थानको क्रममा सहयोग गर्नेछ।

4.17（適正な就労環境の提供）
(उचित कार्य वातावरणको प्रदान)

使用者は、適正な就労環境を提供するものとします。
रोजगार दिने संस्थाले उचित कार्य वातावरण प्रदान गर्नेछ।

4.18（労働安全衛生の重要性）

(श्रम सुरक्षा र स्वास्थ्यको महत्व)

使用者は、労働安全衛生の重要性を理解し、移住労働者が使用者で就労する際に、労働安全衛生を確保し、安全な職場作りと移住労働者の健康増進を推進するものとします。
रोजगार दिने संस्थाले श्रम सुरक्षा र स्वास्थ्यको महत्त्वलाई बुझ्नेछ, र आप्रवासी कामदारले रोजगार दिने संस्थासँग काम गर्दा, श्रम सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्नेछ, सुरक्षित कार्यस्थल निर्माण र आप्रवासी कामदारको स्वास्थ्य प्रवर्द्धनलाई प्रोत्साहित गर्नेछ।

4.19（雇入時の労働安全衛生）
(नियुक्तिको समयमा श्रम सुरक्षा र स्वास्थ्य)

a. 使用者は、法令に基づき、雇入れ時に労働安全衛生の確保に必要な教育訓練を実施するものとします。
अ- रोजगार दिने संस्थाले, कानूनी प्रावधानहरूको आधारमा, नियुक्तिको समयमा श्रम सुरक्षा र स्वास्थ्य सुनिश्चित गर्न आवश्यक शिक्षा र प्रशिक्षण प्रदान गर्नेछ।

b. 使用者は、法令に基づき、雇入れ時に必要な健康診断を実施するものとします。
आ- रोजगार दिने संस्थाले, कानूनी प्रावधानहरूको आधारमा, नियुक्तिको समयमा आवश्यक स्वास्थ्य परीक्षण प्रदान गर्नेछ।

4.20（提供した求人情報と一致した労働環境の提供）
प्रदान गरिएको रोजगार जानकारीसँग मेल खाने कार्य वातावरणको प्रदान

使用者は、求人票または FERI 認定求人票に記載された労働条件、就労環境、住環境等の記載事項と一致した労働条件等を提供するものとします。
रोजगार दिने संस्थाले, रोजगार विज्ञापन वा FERI प्रमाणित रोजगार विज्ञापनमा उल्लिखित श्रम शर्तहरू, कार्य वातावरण, आवास वातावरण जस्ता विवरणहरूसँग मेल खाने श्रम शर्तहरू प्रदान गर्नेछ।

4.21（職業能力向上の促進）
(व्यावसायिक क्षमता अभिवृद्धिको प्रवर्द्धन)

a. 使用者は、法令に基づき移住労働者が職業能力の向上を行うことができるよう、職業能力に関し必要な指導を行い、法令による義務がない場合は、指導を行うよう務めるものとします。
अ- रोजगार दिने संस्थाले, कानूनी प्रावधानहरूको आधारमा, आप्रवासी कामदारले व्यावसायिक क्षमता अभिवृद्धि गर्न सकून् भनेर, आवश्यक निर्देशन प्रदान गर्नेछ, र कानूनी रूपमा अनिवार्य नभएको अवस्थामा पनि निर्देशन प्रदान गर्न प्रयास गर्नेछ।

b. 使用者は、移住労働者が職業能力を客観的に計測することができるよう、公的な技能試験の受検を推奨し、その費用を負担するよう努めるものとします。
आ- रोजगार दिने संस्थाले, आप्रवासी कामदारले व्यावसायिक क्षमता वस्तुनिष्ठ रूपमा मापन गर्न सकून् भनेर, सार्वजनिक सीप परीक्षणको परीक्षा दिन सिफारिस गर्नेछ, र उक्त खर्चको भार वहन गर्न प्रयास गर्नेछ।

4.22（公正な評価と昇進）
निष्पक्ष मूल्याङ्कन र पदोन्नति

使用者は、移住労働者の能力を公正に評価し、それに応じた昇進や昇給を行うものとします。
रोजगार दिने संस्थाले, आप्रवासी कामदारको क्षमतालाई निष्पक्ष रूपमा मूल्याङ्कन गर्नेछ, र त्यसको आधारमा पदोन्नति र तलब वृद्धि गर्नेछ।

4.23（就労環境における多様性への配慮）
कार्य वातावरणमा विविधताको विचार

a. 使用者は、ルーツが異なるものが働くことについて必要な配慮を行うよう努めるものとします。
अ- रोजगार दिने संस्थाले, फरक पृष्ठभूमिका व्यक्तिहरूले काम गर्दा आवश्यक विचार गर्ने प्रयास गर्नेछ।

b. 使用者は、移住労働者が働く就労環境について、ルーツが異なる者が働くことについて理解を醸成することに必要な取り組みを行うものとします。
आ- रोजगार दिने संस्थाले, आप्रवासी कामदारले काम गर्ने कार्य वातावरणमा, फरक पृष्ठभूमिका व्यक्तिहरूले काम गर्दा समझदारी बढाउन आवश्यक पहल गर्नेछ।

4.24 (一時帰国への配慮)
(केहि समयका लागि स्वदेश फिर्ताको लागि विचार)

a. 使用者は、移住労働者が希望する際に、一時帰国を行うことができるよう、必要な配慮をするものとします。
अ- रोजगार दिने संस्थाले, आप्रवासी कामदारले चाहेको अवस्थामा, केहि समयको लागि स्वदेश फिर्ती गर्न सकून् भनेर आवश्यक विचार गर्नेछ।

b. 使用者は、FERI 認定求人票に基づき募集した移住労働者について、移住労働者が希望する際に、業務上やむを得ない事情がある場合を除き、一時帰国を行うことができるよう、必要な有給休暇を取得させるものとし、有給休暇が残っていない場合には無給休暇を取得させるものとします。
आ- रोजगार दिने संस्थाले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गरिएका आप्रवासी श्रमिकहरूलाई, आप्रवासी श्रमिकहरूले चाहेको अवस्थामा, कामको अपरिहार्य कारणहरू बाहेक, अस्थायी रूपमा स्वदेश फर्कन सक्ने गरी आवश्यक तलब सहितको बिदा लिन दिनुपर्नेछ, र तलब सहितको बिदा बाँकी नभएको अवस्थामा तलब बिना बिदा लिन दिनुपर्नेछ।

c. 使用者は、前項で業務上やむを得ない事情がある場合に移住労働者の希望する時期に一時帰国の有給休暇ないし無給休暇を取得させることができない場合には、別途取得する時期を移住労働者と協議の上提示するものとします。
इ- रोजगार दिने संस्थाले, माथिल्लो बुँदामा उल्लिखित कामको अपरिहार्य कारणहरू भएको अवस्थामा, आप्रवासी श्रमिकहरूले चाहेको समयमा अस्थायी रूपमा स्वदेश फर्कन तलब सहितको बिदा वा तलब बिना बिदा लिन दिन नसक्ने भएमा, आप्रवासी श्रमिकहरूसँग परामर्श गरी अर्को समय प्रस्ताव गर्नुपर्नेछ।

d. 一時帰国の際の費用は、原則として移住労働者の負担とします。
ई- केहि समयको लागि स्वदेश फर्कने क्रममा लाग्ने खर्च, सामान्यतया आप्रवासी श्रमिकहरूको जिम्मेवारी हुनेछ।

4.25 (適正な住環境の提供)
(उचित आवासीय वातावरणको व्यवस्था)

a. 使用者は、移住労働者に対し、自らまたは斡旋機関を介して、適切な住環境を提供するものとします。
अ- रोजगार दिने संस्थाले, आप्रवासी श्रमिकहरूलाई, आफैं वा मध्यस्थकर्ता संस्था मार्फत, उचित आवासीय वातावरण प्रदान गर्नु पर्नेछ।

b. 前項に基づき、使用者が移住労働者に提供する住居は、衛生かつ安全であり、緊急時の避難経路の確保、シャワーのための温水、適当な照明、適当な空調、個人が管理することができるセキュリティボックス、個人の居住空間が確保されるものとします。
आ- माथिल्लो बुँदामा उल्लिखित आधारमा, रोजगार दिने संस्थाले आप्रवासी श्रमिकहरूलाई प्रदान गर्ने आवास सफा र सुरक्षित हुनु पर्नेछ, आपतकालीन अवस्थामा भाग्ने मार्गको व्यवस्था, नुहाउनको लागि तातो पानी, उचित प्रकाश, उचित वातानुकूलन, व्यक्तिगत रूपमा व्यवस्थापन गर्न सकिने सुरक्षा बक्स, र व्यक्तिगत आवासीय स्थानको व्यवस्था हुनुपर्नेछ।

c. 使用者は、移住労働者の同意のもと、住居を提供することに要する実費の範囲で移住労働者から住居費を徴収することができるものとします。
इ- रोजगार दिने संस्थाले, आप्रवासी श्रमिकहरूको सहमतिमा, आवास प्रदान गर्न लाग्ने वास्तविक खर्चको दायरामा आप्रवासी श्रमिकहरूबाट आवास शुल्क संकलन गर्न सक्नेछ।

4.26（食事の提供）
(खानाको व्यवस्था)

a. 使用者は、移住労働者に対し、自らまたは第三者を介して、適切な食事を提供することができるものとします。
अ- रोजगार दिने संस्थाले, आप्रवासी श्रमिकहरूलाई, आफैं वा तेस्रो पक्षमार्फत, उचित खाना प्रदान गर्न सक्नेछ।

b. 前項に基づき、使用者が移住労働者に提供する食事は、CODEX の基準を満たすものとします。
आ- माथिल्लो बुँदामा उल्लिखित आधारमा, रोजगार दिने संस्थाले आप्रवासी श्रमिकहरूलाई प्रदान गर्ने खाना CODEX मापदण्डहरू पूरा गर्नुपर्नेछ।

c. 使用者は、食事を提供する場合、移住労働者の同意のもと、食事を提供することに要する実費の範囲で移住労働者から食費を徴収することができるものとします。
इ- रोजगार दिने संस्थाले, खाना प्रदान गर्ने अवस्थामा, आप्रवासी श्रमिकहरूको सहमतिमा, खाना प्रदान गर्न लाग्ने वास्तविक खर्चको दायरामा आप्रवासी श्रमिकहरूबाट खाना शुल्क संकलन गर्न सक्नेछ।

4.27（移住労働者の権利制限の禁止）
(आप्रवासी श्रमिकहरूको अधिकार प्रतिबन्धको निषेध)

使用者は、リプロダクションや私生活の自由を含む移住労働者の権利を制限しないものとします。
रोजगार दिने संस्थाले, प्रजनन र निजी जीवनको स्वतन्त्रता सहित आप्रवासी श्रमिकहरूको अधिकारलाई प्रतिबन्ध गर्ने छैन।

4.28（移住労働者の物品の領置の禁止）
(आप्रवासी श्रमिकहरूको सामानको जफतको निषेध)

a. 使用者は、移住労働者の物品等について、在留資格を変更・更新する手続を行うために預かる等合理的な理由がある場合を除いて預からないものとします。
अ- रोजगार दिने संस्थाले आप्रवासी श्रमिकहरूको सामान इत्यादि, बसोबासको स्थिति (भिसा) परिवर्तन वा नवीकरणको प्रक्रिया गर्नको लागि राख्नुपर्ने उचित कारणहरू बाहेक, राख्ने छैन।

b. 使用者は、移住労働者から物品等を預かった場合、移住労働者から返還の依頼があった場合、速やかに返還するものとします。
आ- रोजगार दिने संस्थाले, आप्रवासी श्रमिकहरूबाट सामान इत्यादि राखेको अवस्थामा, आप्रवासी श्रमिकहरूले फिर्ता गर्न अनुरोध गरेमा, तुरुन्तै फिर्ता गर्नुपर्नेछ।

4.29（脆弱性の不使用）
(कमजोरीको दुरुपयोग नगर्ने)

使用者は、移住労働者の脆弱性を使用し、移住労働者の意に反した行動をとらせることを行わないものとします。
रोजगार दिने संस्थाले, आप्रवासी श्रमिकहरूको कमजोरीको फाइदा उठाएर, आप्रवासी श्रमिकहरूको इच्छाविपरीत कुनै पनि कार्य गर्न बाध्य पार्ने छैन।

4.30（強制労働・人身取引・人権侵害の防止）
(बलपूर्वक श्रम, मानव तस्करी र मानव अधिकार हननको रोकथाम)

使用者は、使用者の職員に対して、強制労働、人身取引、人権侵害を防止するために必要な訓練を定期的に実施するものとします。
रोजगार दिने संस्थाले, आफ्ना कर्मचारीहरूलाई बलपूर्वक श्रम, मानव तस्करी र मानव अधिकार हनन रोक्न आवश्यक तालिम नियमित रूपमा प्रदान गर्नुपर्नेछ।

4.31（ガイドラインの実質的な遵守）
(निर्देशिकाहरूको वास्तविक पालना)

使用者は、本ガイドラインを実質的に遵守するものとし、用語を形式的に読み替える等してガイドラインの遵守を回避しないものとします。
रोजगार दिने संस्थाले, यस निर्देशिकालाई वास्तविक रूपमा पालना गर्नुपर्नेछ, र शब्दहरूको औपचारिक रूपमा पुनःव्याख्या गरेर निर्देशिकाको पालना नगर्ने प्रयास गर्ने छैन।

4.32（第三者を媒介とする行為の禁止）
(तेस्रो पक्षलाई माध्यम बनाउने कार्यको निषेध)

使用者は、本ガイドラインに適合しない行為について、第三者に当該行為を行わせないものとします。
रोजगार दिने संस्थाले, यस निर्देशिकासँग मेल नखाने कार्यहरू तेस्रो पक्षलाई गराउन दिने छैन।

4.33（法令遵守）
(कानूनको पालना)

使用者は、送出国の法令及び受入国の法令を遵守して事業を営むものとします。
रोजगार दिने संस्थाले, श्रमिक पठाउने देशको कानून र श्रमिक स्वीकार गर्ने देशको कानूनको पालना गर्दै व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

4.34（情報公開）
(जानकारीको खुलासा)

使用者は、次の情報を使用者のウェブサイトに掲載するものとします。
रोजगार दिने संस्थाले, निम्न जानकारीहरू आफ्नो वेबसाइटमा प्रकाशित गर्नुपर्नेछ।

- 過去 2 年間における外国人雇用の数
  पछिल्ला २ वर्षमा विदेशी कामदारहरूको संख्या
- 予定していた期間より早期に帰国した者の数
  योजना गरिएको अवधिभन्दा चाँडै स्वदेश फर्किएका व्यक्तिहरूको संख्या

4.35（準 FERI 確認求人票の取扱い）
(प्रारम्भिक FERI प्रमाणित रोजगार विज्ञापनको व्यवस्थापन)

使用者は準 FERI 確認求人票については、性質として準用できる範囲で、FERI 認定求人票の規定を適用するものとします。
रोजगार दिने संस्थाले अस्थायी FERI प्रमाणित रोजगार विज्ञापनको हकमा, प्रकृतिको आधारमा लागू गर्न मिल्ने हदसम्म, FERI प्रमाणित रोजगार विज्ञापनको नियमहरू लागू गर्नेछ।

## 第 5 章 移住労働者のガイドライン
## पाँचौं अध्याय: आप्रवासी श्रमिकहरूको निर्देशिका

5.1 （移住労働者の権利）
(आप्रवासी श्रमिकहरूको अधिकार)

移住労働者は、普遍的な価値である人権を規定した「国際人権章典」、労働における基本的原則及び権利に関する国際労働機関（ILO）宣言に規定されている基本的権利に関する原則等に表明されている人権を享受し、送出国・受入国そして国際労働移動のプロセスにおいても労働者としての権利が保証されていることを確認するものとします。
आप्रवासी श्रमिकहरूले "अन्तर्राष्ट्रिय मानव अधिकार घोषणापत्र", श्रममा आधारभूत सिद्धान्त र अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) घोषणामा निर्दिष्ट आधारभूत अधिकारहरूमा व्यक्त गरिएका मानव अधिकारहरूको धारणा मान्ने छन् र पठाउने देश र गन्तव्य देशको र अन्तर्राष्ट्रिय श्रम स्थानान्तरण प्रक्रियामा पनि श्रमिकको रूपमा अधिकारहरू सुनिश्चित गरिएको छ भन्ने कुरा पुष्टि गर्ने र बुझ्नेछन्।

5.2 （移住労働者の責任）
(आप्रवासी श्रमिकहरूको जिम्मेवारी)

移住労働者は、国際労働移動の当事者であり、移住労働者は存在しなければ国際労働移動も成り立たない不可欠な存在であることを理解し、公正な国際労働移動が促進されるよう努めるものとします。
आप्रवासी श्रमिकहरू अन्तर्राष्ट्रिय श्रम स्थानान्तरणका पक्ष हुन्, र आप्रवासी श्रमिकहरूको अस्तित्व बिना अन्तर्राष्ट्रिय श्रम स्थानान्तरण सम्भव छैन भन्ने कुरा बुझ्नुपर्छ, र निष्पक्ष अन्तर्राष्ट्रिय श्रम स्थानान्तरण प्रवर्द्धन गर्न प्रयास गर्नुपर्छ।

5.3 （適法で倫理的で公正な募集経路への応募）
(कानूनी, नैतिक र निष्पक्ष नियुक्ति मार्गहरूको लागि आवेदन)

a. 移住労働者は、適法で倫理的で公正な募集経路で応募するものとします。
अ- आप्रवासी श्रमिकहरूले कानूनी, नैतिक र निष्पक्ष नियुक्ति मार्गहरूमा आवेदन दिनुपर्छ।

b. 移住労働者は、ブローカー等の第三者を介した応募を行わないものとします。
आ- आप्रवासी श्रमिकहरूले ब्रोकरहरू जस्ता तेस्रो पक्षको माध्यमबाट आवेदन दिनु हुँदैन।

5.4 （募集過程における金銭等の利益提供）
(नियुक्ति प्रक्रियामा नगद वा अन्य लाभहरूको प्रस्ताव)

移住労働者は、募集過程において金銭その他の利益の供与を求められた場合、これに応じないものとします。
आप्रवासी श्रमिकहरूले नियुक्ति प्रक्रियामा नगद वा अन्य लाभहरूको प्रस्ताव मागिएको अवस्थामा, यसलाई स्वीकार गर्नु हुँदैन।

5.5 （自己実現への努力）
(आत्म-साक्षात्कारको लागि प्रयास)

移住労働者は、移住労働の機会を最大限活かし、自己実現を行うよう努めるものとします。
आप्रवासी श्रमिकहरूले आप्रवासी श्रमको अवसरलाई अधिकतम रूपमा उपयोग गर्न र आत्म-साक्षात्कारको लागि प्रयास गर्नुपर्छ।

5.6 （国際移動への理解）
(अन्तर्राष्ट्रिय स्थानान्तरणको समझ)

移住労働者は、国際移動に時間及び費用を要することを理解し、計画的に国際移動に備えるよう努めます。
आप्रवासी श्रमिकहरूले अन्तर्राष्ट्रिय स्थानान्तरणमा समय र खर्च लाग्ने कुरा बुझ्नुपर्छ, र योजनाबद्ध रूपमा अन्तर्राष्ट्रिय स्थानान्तरणको लागि तयारी गर्न प्रयास गर्नुपर्छ।

5.7 （異なる文化への理解）
(विभिन्न संस्कृतिहरूको समझ)

移住労働者は、異なる文化で生活し、働くことを理解し、異なる文化へ慣れるよう努めるものとします。
आप्रवासी श्रमिकहरूले विभिन्न संस्कृतिमा बसोबास र काम गर्ने कुरा बुझ्नुपर्छ, र विभिन्न संस्कृतिमा अभ्यस्त हुन प्रयास गर्नुपर्छ।

5.8 （費用負担者への理解）
（खर्च बहन गर्ने व्यक्ति प्रति बुझाइ）

移住労働者は、費用を負担する者いて、移住労働者の費用が軽減されていることを理解するものとします。
आप्रवासी श्रमिकहरूले खर्च बहन गर्ने व्यक्तिहरूको अस्तित्वलाई बुझ्नुपर्छ, जसले गर्दा आप्रवासी श्रमिकहरूको खर्च कम भएको छ।

5.9 （仕組みへの協力）
(प्रणालीमा सहयोग)

移住労働者は、移住労働者が希望する範囲で公正な国際労働移動を構築する仕組み作りに協力するものとします。
आप्रवासी श्रमिकहरूले, उनीहरूको इच्छित हदसम्म, निष्पक्ष अन्तर्राष्ट्रिय श्रम स्थानान्तरण निर्माण गर्ने प्रणालीमा सहयोग गर्नुपर्छ।

5.10（法令遵守）
(कानूनको पालना)

移住労働者は移住の過程及び受入国へ移動した後も法令を遵守するものとします。
आप्रवासी श्रमिकहरूले आप्रवासन प्रक्रियामा र प्राप्तकर्ता देशमा स्थानान्तरण पछि पनि कानूनको पालना गर्नुपर्छ।

5.11（情報公開や調査への協力）
(सूचना सार्वजनिक र अनुसन्धानमा सहयोग)

a. 移住労働者は、プライバシーと秘密情報の点で権利を侵害されない範囲において、ステークホルダーが行う情報公開や調査へ協力するものとします。
अ- आप्रवासी श्रमिकहरूले गोपनीयता र गोप्य जानकारीको सन्दर्भमा अधिकारहरू उल्लङ्घन नगर्ने, सरोकारवालाहरूले गर्ने सूचना सार्वजनिक र अनुसन्धानमा सहयोग गर्नुपर्छ।

b. 調査には、移住労働者の採用の経路及び負担した費用を含むものとします。
आ- अनुसन्धानमा आप्रवासी श्रमिकहरूको नियुक्ति मार्ग र व्यय समावेश गर्नुपर्छ।

5.12（不利益に扱われない）
(असुविधामा परेर व्यवहार नगरिने)

移住労働者が本ガイドラインに適合しない場合でも、直ちに不利益に扱われないものとします。
यदि आप्रवासी श्रमिकहरूले यस निर्देशिकाको पालना नगरे पनि, तिनीहरूलाई तुरुन्तै तुरुन्तै असुविधामा परेर व्यवहार गरिने छैन।

## 第 6 章 求人のガイドライン

## छैठौं अध्याय: रोजगार निर्देशिका

6.1 （当事者について）
(पक्षहरू बारेमा)

本ガイドラインに適合する求人票は、本ガイドラインに適合する送出機関、斡旋機関、使用者の間で取り扱われるものとします。
यस निर्देशिकाको पालना गर्ने रोजगार विज्ञापनहरू, यस निर्देशिकाको पालना गर्ने पठाउने संस्था, मध्यस्थकर्ता संस्था, र रोजगार दिने संस्थाहरू बीचमा व्यवहार गरिनेछ।

6.2 （求人票の作成）
(रोजगार विज्ञापनको तयारी)

使用者は、求人票を作成する際、記録に残るよう書面または電磁的記録で作成するものとします。
रोजगार दिने संस्थाहरूले रोजगार विज्ञापन तयार गर्दा, यसलाई अभिलेखमा राख्न कागजी वा विद्‌युतीय अभिलेखमा तयार गर्नुपर्छ।

6.3 （求人情報の正確さ）
(रोजगार जानकारीको शुद्‌धता)

使用者は、求人票を作成する際、正確に作成するものとします。
रोजगार दिने संस्थाहरूले रोजगार विज्ञापन तयार गर्दा, यसलाई शुद्‌ध रूपमा तयार गर्नुपर्छ।

6.4 （法定事項の記載）
(कानूनी प्रावधानहरूको उल्लेख)

使用者は、法令に基づき、求人票に必要な事項を記載するものとします。
रोजगार दिने संस्थाहरूले कानूनी प्रावधानहरूको आधारमा रोजगार विज्ञापनमा आवश्यक विवरणहरू उल्लेख गर्नुपर्छ।

6.5 （従事する業務の基準）
(सञ्चालित कार्यहरूको मापदण्डहरू)

使用者は、募集する業務について、法律で禁止された業務ではなく、適正な業務であることを確認するものとします。
रोजगार दिने संस्थाहरूले नियुक्ति गरिने कार्यहरू कानूनी रूपमा प्रतिबन्धित कार्यहरू नभई उपयुक्त कार्यहरू हुन् भनेर सुनिश्चित गर्नुपर्छ।

6.6 （従事する事業所の基準）
(सञ्चालित कार्यस्थलहरूको मापदण्डहरू)

使用者は、募集する業務が行われる事業所について、労働安全が確保され、適正な業務を行うのに適した事業所であることを確認するものとします。
रोजगार दिने संस्थाहरूले नियुक्ति गरिने कार्यहरू सञ्चालन हुने कार्यस्थलहरूमा श्रम सुरक्षा सुनिश्चित गरिएको छ र उपयुक्त कार्यहरू सञ्चालन गर्न उपयुक्त छन् भनेर सुनिश्चित गर्नुपर्छ।

6.7 （一時帰国への配慮）
(केहि समयको लागि घर फिर्तीको विचार)

使用者は、移住労働者が一時帰国することについて一定の配慮を行う場合は、その旨を求人票に記載するものとします。
रोजगार दिने संस्थाहरूले आप्रवासी श्रमिकहरूलाई केहि समयको लागि नेपाल फर्कन विचार गरेमा, त्यसलाई रोजगार विज्ञापनमा उल्लेख गर्नुपर्छ।

6.8 （提供する住居の基準）
(प्रदान गरिने आवासको मापदण्डहरू)

使用者は、移住労働者に提供する住居の基準について示すものとします。
रोजगार दिने संस्थाहरूले आप्रवासी श्रमिकहरूलाई प्रदान गरिने आवासको मापदण्डहरू देखाउनुपर्छ।

6.9 （入国前の職業訓練）
(प्रवेश गर्नु अघि व्यावसायिक तालिम)

使用者は、移住労働者に要求される入国前の職業訓練の基準について示すものとします。
रोजगार दिने संस्थाहरूले आप्रवासी श्रमिकहरूलाई आवश्यक पर्ने प्रवेश गर्नु अघि व्यावसायिक तालिमको मापदण्डहरू देखाउनुपर्छ।

6.10（入国前の語学訓練）
(प्रवेश गर्नु अघि भाषा तालिम)

使用者は、移住労働者に要求される入国前の語学訓練の基準について示すものとします。
रोजगार दिने संस्थाहरूले आप्रवासी श्रमिकहरूलाई आवश्यक पर्ने प्रवेश गर्नु अघि भाषा तालिमको मापदण्डहरू देखाउनुपर्छ।

6.11（求人に要する費用の負担）
(रोजगार विज्ञापनको लागतको बोझ)

使用者は、FERI 認定求人票に基づき求人を行う場合には、移住労働者が使用者に採用されることに関連する費用（移住労働者が送出機関と契約を締結し、使用者で働き始めるまでの費用が対象となります。）を全て使用者が負担するものとし、その旨を求人票に明記するものとします。
रोजगार दिने संस्थाहरूले FERI प्रमाणित रोजगार विज्ञापनको आधारमा नियुक्ति गर्दा, आप्रवासी श्रमिकहरूलाई रोजगार दिने संस्थामा नियुक्ति गर्दा लाग्ने सबै खर्चहरू (पठाउने संस्था संग सम्झौता गर्नेदेखि रोजगार दिने संस्थामा काम सुरु गर्ने सम्मका खर्चहरू) रोजगार दिने संस्थाले नै व्यहोर्नुपर्छ र यसलाई रोजगार विज्ञापनमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ।

6.12（求人票における求人の相談救済窓口の明示）
(रोजगार विज्ञापनमा रोजगार परामर्श राहत डेस्कको स्पष्टता)

使用者は、募集斡旋のプロセス全体を通じて求人に関して移住労働者が母国で利用することができる相談救済窓口を設定し、求人票に問い合わせ方法を明示するものとします。
रोजगार दिने संस्थाहरूले नियुक्ति मध्यस्थकर्ता प्रक्रियाको सम्पूर्ण अवधिमा आप्रवासी श्रमिकहरूले आफ्नो मातृभूमिमा प्रयोग गर्न सक्ने परामर्श राहत डेस्क स्थापना गर्नुपर्छ र रोजगार विज्ञापनमा सोधपुछ गर्ने तरिका स्पष्ट रूपमा उल्लेख गर्नुपर्छ।

6.13（求人票への適合の認定）
(रोजगारीको विज्ञापनसँगको समन्वयको प्रमाणिकरण)

a. 使用者は、求人票が本ガイドラインに適合するかについて認定を受けることができるものとします。
अ- रोजगार दिने संस्थाहरूले रोजगार विज्ञापन यस निर्देशिकाको पालना गर्छ कि गर्दैन भनेर प्रमाणिकरण प्राप्त गर्न सक्छन्।

b. 使用者は、求人票が本ガイドラインの 6.11 のみに適合しない場合、求人票が本ガイドラインの 6.11 以外に適合することにていて確認を受けることができるものとします。具体的には、2.8b、2.9b、2.10b、2.11b、2.13c、4.8b の規程の費用に関する部分について、本ガイドラインで移住労働者に負担させないとしている手数料ないし費用の一部を移住労働者に負担させる場合であり、かつ、それ以外の部分について本ガイドラインに適合する場合に確認を受けることができるものとします。

आ- रोजगार दिने संस्थाहरूले यदि रोजगार विज्ञापनमा यस निर्देशिकाको 6.11 को नियम पालना नगरेको खण्डमा, रोजगार विज्ञापन निर्देशिकाको 6.11 बाहेक अन्य नियम पालना गरेको पुष्टि हुनेछ। विशेष गरी, 2.8b, 2.9b, 2.10b, 2.11b, 2.13c, 4.8b को प्रावधानहरूको खर्च सम्बन्धी निर्देशिकाले आप्रवासी श्रमिकहरूलाई खर्चको भार नपार्ने तर केहि मात्रामा आप्रवासी श्रमिकहरूले शुल्क वा खर्चहरू बेहोर्नु पर्ने अवस्थामा, यस निर्देशिकाको पालना सहित  पुष्टि गर्न सक्ने छ।